## आर्थिक वर्ष २०७९/०८० को

# वार्षिक नीति, कार्यक्रम तथा बजेट

### २०७९ असार १० गते

## मकवानपुरगढी गाउँपालिका

### मक्रान्चुली, मकवानपुर

### बागमती प्रदेश, नेपाल

# मकवानपुरगढी गाउँपालिका, दोस्रो गाउँ सभाको, प्रथम अधिवेशनमा प्रस्तुत
# स्थानीय सरकारको नीति, कार्यक्रम तथा बजेट

२०७९/०३/१०

आदरणीय सभाका अध्यक्ष ज्यू,
कार्यपालिका सदस्यज्यूहरु, सम्पूर्ण सभाका सदस्य ज्यूहरु, कर्मचारी साथीहरु एवम् उपस्थित महानुभावहरु,

सर्वप्रथम मकवानपुरगढी गाउँपालिका, दोस्रो गाउँ सभाको प्रथम अधिवेशनमा यहाँहरुलाई हार्दिक स्वागत एवम् अभिवादन व्यक्त गर्दछु ।

मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना पश्चात् २०७२ असोज ३ गते जारी नेपालको संविधान (२०७२) मा व्यवस्था भए बमोजिम तिनै तहको  सरकार गठन भई पहिलो स्थानीय सरकारले आफ्नो ५ वर्षिय कार्यावधी सम्पन्न गरेसंगै स्थानीय तहको दोस्रो कार्यकालको सुरुवात भएको छ । २०७९ बैशाख ३० गते सम्पन्न स्थानीय तहको ऐतिहासिक निर्वाचानबाट मकवानपुरगढी निवासी सचेत जनसमुदायहरुको अमुल्य मत प्राप्त गर्दै हामी मकवानपुरगढीबासीहरुको सेवाका लागि हाजिर भएका छौं । सुखद् आशा अपेक्षा र समृद्ध मकवानपुरगढी गाउँपालिका निर्माणको सपना बुनेर आफ्नो अमूल्य मत प्रदानगरी हामी जनप्रतिनिधिहरुलाई जनताहरुको सेवामा लागीपर्ने जिम्मेवारी प्रदान गर्नु भएकोमा गाउँपालिकाबासी जनसमुदायहरुमा धेरै धेरै धन्यवाद व्यक्त गर्दछौं ।

मुलुकमा विगतका विभिन्न कालखण्डहरुमा जनताको जगमा भएका राजनैतिक आन्दोलनहरुको उपलब्धी स्वरुप हामीलाई सामाजिक न्याय, सुशासन, आर्थिक, सामाजिक रुपान्तरण र सम्वृद्धि प्राप्तिको दिशा तर्फ अगाडि बढ्ने आधारशिला तयार भएको छ । आजको यस उपलब्धी प्राप्तिका लागि मुलुकको विभिन्न कालखण्डमा भएका प्रजातान्त्रिक तथा लोकतान्त्रिक आन्दोलन, ऐतिहासिक जनक्रान्ति र जनआन्दोलनमा थुप्रै नेपालीहरुले त्याग र बलिदान गर्नु भएको छ । यसै क्रममा मुलुक परिवर्तनका लागि बलिदानी दिनुहुने मकवानपुरगढी गाउँपालिकाका सहिद रुद्र बहादुर पाखिन, बासुदेव घिमिरे, कुवेर ढुंगाना लगायत सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली सहित उच्च सम्मान प्रकट गर्दछौं । साथै बेपत्ता पारिएका सन्त ब. वाईवा र दोशिक भुलुन प्रति सम्मान व्यक्त गर्दछु ।

मकवानपुरगढी गाउँपालिका, ऐतिहासिक मकवानपुरगढी दरवार तथा सिङ्गो मकवानपुर जिल्लाको समेत पहिचानसँग जोडिएको गाउँपालिका हो । ऐतिहासिक, धार्मिक, पर्यटन, एग्रो टुरिजमको प्रचुर सम्भावना बोकेको छ यस गाउँपालिकामा कृषि र पशुपालनको लागि पनि प्रसस्त सम्भावनाहरु रहेका छन् । विभिन्न सम्भावनाहरु रहँदा रहँदै पनि गाउँपालिकाबासीहरुको प्रधान सत्रुको रुपमा गरिवी विद्यमान छ । यसर्थ गाउँपालिकाभित्रका विविध सम्भावनाहरुलाई केलाउदै यहाँको सांस्कृतिक, भौगोलिक, प्राकृतिक एवम् बौद्धिक सम्पत्तीको भरपुर उपयोग मार्फत गरिबी निवारण र पालिकालाई समृद्धिको बाटोतर्फ अघि बढाउन

सवै प्रकारका भौतिक पूर्वाधार विकास, सामाजिक विकास र आर्थिक विकासलाई समान विधिबाट अगाडि बढाउँदै **“समृद्ध गाउँपालिका, सर्वसुलभ जनजीविका”** बनाउने कार्यमा हाम्रो विशेष प्राथमिकता रहनेछ ।

हामी मकवानपुरगढी गाउँपालिकाको दोस्रो स्थानीय तह निर्वाचन पश्चातको प्रथम गाउँ अधिवेशन सम्पन्न गर्न गइरहेकाछौं । मकवानपुरगढी गाउँपालिकामा स्थानीय तह निर्वाचनको पहिलो ५ वर्षिय महत्वपूर्ण कार्यकाल पुरा गरी अघिल्लो सरकार बिदा भएको छ। सुरुवाती कार्यकाल, धेरै चुनौतीहरुका बाबजुत पनि गाउँपालिकाको समग्र विकासमा अघिल्लो सरकारको योगदान महत्वपूर्ण रह्यो । दोस्रो कार्यकालको महत्वपूर्ण जिम्मेवारी हामी जनप्रतिनिधिहरुले प्राप्त गरेसँगै जनताका समस्याहरुलाई आत्मसाथ गरी शिक्षा, स्वास्थ्य, कृषि, पशुपालन, उद्यमशीलता, रोजगरी, मानवीय विकास एवम् गाउँपालिकाको समग्र सामाजिक, सांस्कृतिक, आर्थिक, भौतिक लगायतका विकासमा सबै पक्षहरु सँग सहकार्य गर्दै अघिल्लो सरकारको अनुभव एवम् पुरा गर्न बाँकी कार्यहरुलाई समेत अपनत्व ग्रहण गर्दै अगाडि बढिनेछ ।

यिनै तथ्यलाई आत्मसाथ गर्दै यस गरिमामय गाउँ व्यवस्थापिकाको दोस्रो गाउँसभाको प्रथम अभिवेशनमा आगामी आर्थिक वर्ष २०७९/२०८० को नीति तथा कार्यक्रम र त्यसलाई लक्षित गरी प्रक्षेपण गरिएको आय र व्ययलाई अनुमोदन गर्दै सम्पन्न हुनेछ भन्ने अपेक्षा सहित मकवानपुरगढी गाउँपालिकाको वार्षिक नीति, कार्यक्रम तथा बजेट पेश गर्ने अनुमती माग्दछु ।

**श्रद्धय सभाध्यक्षज्यू,**

अब यहाँहरु समक्ष आ.व. २०७९/०८० का लागि विषयगत क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## बार्षिक नीति, कार्यक्रम र बजेट

## १.आर्थिक विकास

### क) कृषि तथा पशुपालन :

१। **“कृषकहरुलाई सम्मान, वर्गीकरण सहितको कृषक पहिचान”** भन्ने नाराका साथ मकवानपुरगढी भित्र रहेका कृषकहरुको वर्गीकरण गरी पहिचान सहितको **किसान परिचय पत्र** वितरण गरिनेछ र कृषक वर्गीकरणको आधारमा साना, मझौला र ठूला कृषकहरुलाई लक्षित गरी छुट्टाछुट्टै कार्यक्रम कार्यान्वयनमा ल्याइनेछ ।

२। कृषकहरुबाट उत्पादित खाद्यान्न (धान, मकै, कोदो, जौ र फापर) सहकारी मार्फत बिक्री वितरणको व्यवस्थालाई प्रभावकारी बनाईनेछ । यसरी सहकारी मार्फत खरिद बिक्रीका आधारमा सहकारी संस्थालाई प्रति के.जी दुई रुपैया र कृषकलाई प्रति के.जी दुई रुपैयाका दरले अनुदान प्रोत्साहन रकम उपलब्ध गराउने व्यवस्थालाई निरन्तरता दिईनेछ ।

३। तरकारी तथा फलफूल उत्पादनमा उत्पादक र उपभोक्ता वीचको अन्तर मूल्यलाई कम गर्न सहकारी मार्फत संकलन र बजार व्यवस्थापनको कार्यलाई व्यवस्थित र प्रभावकारी बनाईनेछ ।

४। मकवानपुरगढी गाउँपालिका वडा नं. २ कुर्लेदमारमा रहेको श्री बंशगोपाल माध्यमिक विद्यालयमा संचालनमा रहेको कृषि प्राविधिक धार तर्फका विद्यार्थीहरुलाई लक्षित गरी **"पढ्दै, कमाउदै कार्यक्रम"** कार्यान्वयनमा ल्याईनेछ ।

५। सम्भाव्यताको आधारमा ठाउँ विशेष अनुसार बाली वस्तुको उत्पादन क्षेत्र निर्धारण गरी उत्पादन, प्रशोधन, विविधिकरण सहित मूल्य श्रृंखला विकासको अवधारणा अनुसारको कार्यक्रम संचालन गरिनेछ ।

६। मकवानपुरगढी गाउँपालिका वडा नं. ५ स्थित तिलगंगा महिला बहुउदेश्यीय सहकारी संस्था द्वारा संचालनमा ल्याइएको **कोल्ड रुम लक्षित उत्पादन तथा भण्डारण**को कार्यक्रम संचालन गरिनेछ ।

७ **"मकवानपुरगढी जाउँ, प्राँगारिक उत्पादन खाउँ"** भन्ने नारालाई आत्मसाथ गर्दै प्राँगारिक खेती (Organic Farming) प्रणालीलाई व्यवस्थित बनाइने छ । प्राँगारिक खेती गर्ने कृषकहरुलाई प्रोत्साहन अनुदानको व्यवस्था मिलाइनेछ ।

८। संघ, प्रदेश र स्थानीय तहबाट संचालन गरिने कृषि विकासका कार्यक्रमलाई दोहोरोपना हुन नदिन तीनै तहको सरकारसँगको समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन पहल गरिनेछ ।

९। **"कृषकलाई टेवा, घर घरमा प्राविधिक सेवा"** भन्ने मूल नारालाई आत्मसाथ गर्दै हरेक कृषकको पहुँचमा पुऱ्याउन **"एक वडा एक कृषि/पशु प्राविधिक"** सेवालाई प्रभावकारी बनाईनेछ ।

१०। रसायनिक मलखाद तथा विषादीको प्रयोगमा कमी ल्याउन भकारो सुधार, पशुमुत्र संकलन, प्राँगारिक मल, भर्मी कम्पोष्ट, जैविक मल, बानस्पतिक/जैविक विषादीको प्रयोग गर्न कृषकलाई प्रोत्साहन गरिनेछ ।

११। कृषकहरुको समय सापेक्ष ज्ञान, सिप र क्षमता अभिवृद्धि गर्न सचेतनामूलक तालिम/भ्रमण/गोष्ठी कार्यक्रम संचालन गरिनेछ ।

१२। कृषि क्षेत्रमा डिजिट्लाइजेशनको शुरुवात गरिनेछ ।

१३। बित्तिय पहुँचमा पुग्न नसकेका साना कृषकहरुलाई लक्षित गरी नेपाल बंगलादेश बैंक, आर.एण्ड डी. ईनोभेटिभ सोलुशन प्रा.लि. मकवानपुगढी गाउँपालिका सहकारी समन्वय समिति र मकवानपुरगढी गाउँपालिका वीच भएको चौपक्षिय सम्झौता बमोजिम संचालनमा ल्याइएका किसान कर्जा कार्ड वितरण कार्यलाई निरन्तरता दिईनेछ र क्रमशः सवै वडाका कृषकहरुको पहुँचमा पुऱ्याइनेछ ।

१४। बाली तथा पशुपन्छी बीमाको कार्यक्रमलाई प्रभावकारी बनाई सवै कृषकको पहुँचमा पऱ्याइनेछ ।

१५। **"युवा शक्ति जोश र जाँगर लिएर आउ, कृषिमा आत्मनिर्भर बनौं"** भन्ने नाराका साथ कृषि तथा पशुपालन क्षेत्रमा युवाहरुलाई आकर्षण गरी स्वरोजगारको अवसर सृजना गरिनेछ ।

१६। खाद्य तथा पोषण सुरक्षाको सुनिश्चितता गर्न संघ र प्रदेश सरकारसँग सहकार्य गरी खाद्यान्न भण्डारणको व्यवस्था गर्न पहल गरिनेछ ।

१७ सम्भाव्यताका आधारमा खाद्यान्न तेलहन र तरकारी बालीको वीउ उत्पादन गर्न सार्वजनिक-निजी-साझेदारी (Public-Private-Parternership) अवधारणा अनुरुप बिउ उत्पादन कार्यक्रमको सुरुवात गरिनेछ ।

१८। सामूहिक एवम् चक्लाबन्दी खेती गर्न प्रोत्साहन गरिनेछ र आवश्यकताको आधारमा संकलन केन्द्र, किसान बजार तथा हाट बजारको स्थापना गरी संचालनमा ल्याईनेछ ।

१९। कृषि योग्य जमिनमा सिंचाई पुर्याउनका लागि पोखरी, लिफ्ट सिंचाई, थोपा सिंचाई, स्प्रिंकल सिंचाई को व्यवस्था गरिनेछ ।

२०। माटो परिक्षण प्रयोगशला सेवालाई प्रभावकारी बनाईनेछ साथै आवश्यकताको आधारमा घुम्ति माटो परिक्षण सेवा संचालन गरिनेछ ।

२१। कृषि बालीहरुमा उत्पादन सामाग्रीको प्रयोग, उत्पादन लागत खर्च र आम्दानीको यथार्थ तथ्यांक राख्ने व्यवस्थाको लागि हरेक कृषक परिवारलाई किसान डायरी वितरण गरिनेछ ।

२२। गाउँपालिकामा कार्यरत कृषि/पशु प्राविधिकहरुको क्षमता अभिवृद्धि गर्न कृषि अनुसन्धान, कृषि शिक्षा र कृषि प्रसार क्षेत्रमा कार्यरत अनुभवी विषय विशेषज्ञद्वारा तालिम/गोष्ठी/भ्रमण लगायतका कार्यक्रमहरु संचालन गरिनेछ ।

२३। कृषि प्रसार तथा प्राविधिक सेवा प्रवाह गर्न कृषि मेला प्रदर्शनी, कृषक दिवस, कृषक पाठशाला, प्रतियोगिता, परिक्षण प्रदर्शन, बाली उपचार शिविर, विभिन्न विषयगत दिवस तालिम, गोष्ठी, भ्रमण लगायतका कार्यक्रमहरु संचालन गरिनेछ ।

२४। कृषि क्षेत्रलाई आधुनिकीकरण, व्यवसायीकरण, प्रतिस्पर्धी बनाउन र उत्पादन लागत कम गर्न कृषि तथा पशुपालनमा यान्त्रीकरणको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

२५। पशुमा लाग्ने खोरेत, पिपिआर र रेविज रोग उन्मूलन गर्न प्रदेश सरकारसँगको सहकार्यमा निःशुल्क पूर्ण खोपको सुनिश्चितता संचालन गरिनेछ ।

२६। दूध र मासुको उत्पादन र उत्पादकत्व वृद्धिका लागि कृत्रिम गर्भाधानको माध्यमद्वारा पशु नश्ल सुधारको कार्यलाई सर्वसुलभ र प्रभावकारी बनाईनेछ ।

२७ कृषकहरुले अनुसरण गरेको सफल प्रविधि, अनुसन्धानबाट प्रमाणित भएका नयाँ प्रविधि, कृषकको सफलताको कथा लगायतका सामाग्रीहरु तयारी, प्रकाशन र प्रसारणका लागि कृषि संचार कार्यक्रम अन्तर्गत रेडियो कृषि कार्यक्रम, डकुमेन्ट्री निर्माण, टेलिभिजन, पत्रपत्रिका, बुलेटिन प्रकाशन कार्यक्रम संचालन गरिनेछ ।

२८। संघ र प्रदेश सरकारको सहयोग र समन्वयमा विभिन्न बालीहरुको (खाद्यान्न, दलहन, तेलहन, तरकारी, फलफूल, मसलाजन्य च्याउ, मौरी आदि) उत्पादन प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ ।

२९। कृषि तथा पशुपालन समूहलाई सक्रिय बनाई राख्न कृषक समूहलाई लक्षित गरी प्रोत्साहन अनुदानको कार्यक्रम लागु गरिनेछ ।

३०। पशुपालनमा परजिवी नियन्त्रण तथा भ्याक्सीनेशनको कार्यलाई थप प्रभावकारी बनाईनेछ ।

३१। दूध उत्पादनमा प्रोत्साहन गर्न कृषकहरुलाई सहकारी मार्फत उपलब्ध गराउदै आएको प्रति लिटर एक रुपैया अनुदानको व्यवस्थालाई निरन्तरता दिईनेछ ।

३२। बागमती प्रदेश सरकार सँगको सहयोगमा **"एक वडा एक पशु स्वास्थ्य क्लिनिक"** स्थापना गरिनेछ ।

३३। पशु आहारमा आत्मनिर्भर बनाउन, उत्पादन लागत कम गर्न घाँस खेतीमा आधारित पशुपालनको लागि घाँस उत्पादन प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ ।

३४। प्राकृतिक प्रकोप, रोगकीराको प्रकोप लगायतका विभिन्न कारणले क्षति भएका कृषकहरुलाई कृषि पेशाबाट पलायन हुनबाट रोक्नको लागि कृषकहरुलाई प्रोत्साहित गर्ने उदेश्यले संघ, प्रदेश, स्थानीय तह, दातृ संघ संस्था, सहकारी, समूह र नीजि क्षेत्रको सहयोग र सहकार्यमा कृषक सहायता कोष स्थापनाको लागि पहल गरिनेछ ।

३५। **एक घर एक उत्पादनको** नीति अवलम्वन गरिनेछ ।

३६। कृषक समुह गठन नभएका वडाहरुमा कृषक समुह गठन गरिनेछ र उक्त समुहहरुलाई सक्रिय बनाउने, कृषि पेशाप्रति उत्प्रेरित गर्ने र उत्पादन बढाउन व्यापक अभियान संचालनको जिम्मेवारी वडा कृषि प्राविधिकहरुलाई दिईनेछ ।

३७। किसानहरुलाई समयमै बिउ र मलको व्यवस्थाको लागि पहल गरिनेछ ।

३८। **एक गाउँ एक उत्पादन**को अवधारणा अनुसारको कृषि उत्पादनको पकेट क्षेत्र निर्धारण गरी कृषकहरुलाई व्यवसायिक बनाउन उत्प्रेरित गरिनेछ । मकवानपुरगढी १ देखि ४ सम्म कोदो, अदुवा, बेसार, वडा नं. २,३,५,६ र ८ लाई तरकारी र वडा नं.२ र ७ लाई कागती पकेट क्षेत्रको रुपमा विकास गरिनेछ ।

३९। बागमती प्रदेश सरकारले घोषणा गरेको **"नमुना वडा समाजबादी कार्यक्रम"** को लागि विशेष पहल गरिनेछ ।

**ख) सहकारी :**

१। अर्थतन्त्रको एक खम्बाको रुपमा रहेको सहकारी, स्थानीय तहमा हस्तान्तरण भई यसको संचालन जिम्मेवारी स्थानीय सरकारले लिनुपर्ने अवस्था भएकोले मकवानपुरगढी गाउँपालिकामा रहेका विषयगत सहकारीको समन्वय समिति गठन गरी सबै विषयगत सहकारीहरुको प्रतिनिधित्व रहेने गरी **"गाउँपालिका स्तरीय सहकारी संजाल"** गठन गरिनेछ ।

२। **"हामी सहकारीमा, सहकारी उद्यम सिर्जनामा"** भन्ने नारालाई सार्थक बनाउन सहकारी संस्थाको लगानीमा उद्योग संचालनमा जोड दिईनेछ ।

३। **"एक सहकारी, एक उत्पादन कार्यक्रम"** लागु गरिनेछ ।

४। सहकारीहरुको बर्गीकरण गरी साना सहकारीलाई तालिम, प्रविधि र प्रोत्साहनको नीति लिईनेछ भने ठुला सहकारीहरुलाई साझेदारी, उद्यम र उत्पादनमा जोड दिने नीति लिईनेछ ।

५। सहकारीको तथ्यांक व्यवस्थानमा सहयोग गर्नका लागि कोपोमिस तालिम संचालन गरिनेछ ।

६। सहकारी सम्बद्ध धितो मुल्यांकन समितिलाई धितो मुल्यांकन तालिम संचालन गरिनेछ ।

७। सहकारी ऐन २०७९ अनुसार गाउँपालिका स्तरीय श्रम सहकारी गठन गरिनेछ ।

८। सहकारीको माध्यमबाट समुदायका आर्थिक एवम् सामाजिक विकास गर्न गाउँपालिका तहबाट स्पष्ट नीति निर्माण गरी कार्यक्रम कार्यान्वयन गरिनेछ ।

९। **"प्रत्येक घरका सदस्य सहकारीमा, सहकारी हाम्रो जीवनमा"** भन्ने अभियानलाई सार्थक बनाउन १ वर्षभित्र सबै घरधुरी सहकारीमा आवद्ध भएको घोषणा गर्ने नीति लिईनेछ ।

१०। सहकारीको अवस्था कस्तो छ र के गरिरहेको छ भन्ने बारे अनुगमनलाई व्यवस्थित गरिनेछ ।

११। सहकारीले उत्पादनमा जोड गरी नयाँ उद्यम र उद्यमी सिर्जना गरी रोजगारी प्रवर्द्धन गरेको आधारमा पुरस्कृत गर्ने नीति लिईनेछ ।

१२। **"दिगो विकास लक्ष्य प्राप्तिका लागि सहकारी"** भन्ने मुलमन्त्रलाई सार्थकता दिन गाउँपालिका सहकारी संघसंस्थाहरुको समन्वय र सहकार्यमा दिगो विकास लक्ष्य प्राप्तिका कार्यक्रमहरुको संचालन तथा सहकारीमा संकलित पूँजिलाई गरिवी निवारण तथा उत्पादनशील क्षेत्रमा लगानी गर्न आवश्यक नीति तर्जुमा गरी प्रोत्साहन गरिनेछ ।

**ग) उद्योग तथा वाणिज्य :**

१। **"मकवानपुरगढी गाउँपालिका स्तरीय उद्योग वाणिज्य संघ"** गठन गरी उद्योगको संस्थागत विकासको पहल गरिनेछ ।

२। स्थानीय कच्चा पदार्थमा आधारित साना उद्योगहरु संचालनको लागि सम्भाव्यता अध्ययन गरी उद्योग दर्ताको सरल प्रक्रिया बनाई उत्पादनमा जोड दिईनेछ ।

३। महिला उद्यमीको हकमा उद्योग दर्ता प्रक्रियामा ५० प्रतिशत दस्तुर छुट गरिने छ साथै केही बिउ पूँजि अनुदानको रुपमा व्यवस्था गरिनेछ ।

४। स्थानीय स्तरमा घरेलु उद्योग संचालनका लागि विशेषतः युवाहरुलाई उत्प्रेरित गरिने छ । साथै केराको चिप्स, ममः, पाउरोटी, दालमोठ जस्ता खाद्यजन्य उत्पादनलाई बजारीकरण गर्ने व्यवस्था मिलाईनेछ ।

५। **"तपाईं उत्पादन गर्नुहोस्, हामी बजार खोज्छौं"** भन्ने नीति अवलम्बन गरिनेछ ।

६। मकवानपुरगढी गाउँपालिकामा आई उद्योगधन्दा सुरु गर्न चाहने उद्योगी व्यवसायीहरुलाई उद्योग तथा लगानीमैत्री वातावरणको सिर्जना गरिनेछ ।

७। उद्योग संचालन गर्दा सरकार, निजी क्षेत्र र सहकारीको साझेदारीमा संचालन गर्ने नीति अवलम्वन गरिनेछ ।

८। विभिन्न सिपमूलक तालिम संचालन गरी गाउँमै उद्योग व्यवसाय संचालनको लागि जोड गरिनेछ ।

**घ) पर्यटन :**

१। मकवानपुरगढी गाउँपालिकाको समृद्धिको आधारको रुपमा रहेको पर्यटन क्षेत्रको विकासको लागि वडा नं. १ देखि ८ सम्मका निर्माण प्रारम्भ गरिएका पर्यटन क्षेत्रको विकासलाई प्राथमिकता दिईनेछ ।

२। ऐतिहासिक मकवानपुरगढी दरबार, मनकामना मन्दिर, सहिद रुद्र पाखिन स्मृति पार्क, पशुमैत्री पार्क, जलेश्वर धाम, बिजय पार्क, ढुङ्गेगढी, रानीबास एग्रो टुरिजम पार्क, ऋषेश्वर गुफा लगायतका उच्च पर्यटकीय सम्भावना बोकेका क्षेत्रको विकासलाई जोड गरिनेछ ।

३। सामरी पुलदेखि डुम्रेकुनासम्मको सडकलाई व्यवस्थित गरी सडकको दुवै छेउमा वृक्षारोपण गरी हरित सडक निर्माणमा जोड दिँदै बाह्य पर्यटकलाई आकर्षण गर्न साईक्लीङ ट्र्याक निर्माणको कामलाई सुरुवात गरिने छ । साथै पिप्ले मक्राञ्चुली, शिखरकटेरी सडकको दाँया बाँया बिरुवा रोपी सडकको सोभा बढाउने र हरित वातावरण बनाउने कार्यमा जोड दिईनेछ ।

४। सबै पर्यटकीय क्षेत्रका पदाधिकारी, अगुवाहरु र विशेषज्ञहरुको सहभागिता रहने गरी कामकाजी र सक्रिय **"मकवानपुरगढी गाउँपालिका स्तरीय पर्यटन विकास समिति"** गठन गरिनेछ ।

५। **"मकवानपुरगढी गाउँपालिकाको पहिचान, एकिकृत पर्यटकीय अभियान"** भन्ने नारालाई सार्थक बनाउन पर्यटकीय क्षेत्रहरुको प्रचारप्रसारको लागि होर्डिङ बोर्ड, रेडियो कार्यक्रम तथा डकुमेन्ट्री निर्माण गर्ने कार्यलाई प्राथमिकतामा राखिनेछ ।

६। पर्यटकीय क्षेत्र निर्माण गर्दा सकेसम्म ठुला मेसिनरी औजार प्रयोग नगरी मानव श्रमको उपयोग गरी त्यस क्षेत्रको प्राकृतिक सौन्दर्यता, भौगोलिक मौलिकतालाई कायम गरी, सांस्कृतिक र ऐतिहासिकतालाई समेत यथावत राखी निर्माण गर्ने कामलाई प्रोत्साहन गरिनेछ ।

७। मकवानपुरगढी ८, बुढीचौरमा प्याराग्लाईडिङ र तथा बन्जीजम्पको सम्भाव्यता अध्ययन गरी त्यसको विस्तृत परियोजना प्रस्ताव तयार गरी निजी लगानी कर्ताहरुको खोजी एवम् सरकारी निकायहरुमा पहल गरिनेछ ।

८। मकवानपुरगढी गाउँपालिकाका महत्वपूर्ण पर्यटकीय क्षेत्रका आसपास होमस्टे, गेस्ट हाउस तथा ठुला होटलहरु संचालन गर्न लगानीकर्ताहरुको खोजी गरिनेछ ।

**ङ) रोजगारी :**

१। प्रधानमन्त्री रोजगार कार्यक्रमको व्यवस्थित कार्यान्वयन मार्फत स्थानीय तहमा रहेका बेरोजगार व्यक्तिहरुलाई सूचीकृत गरी रोजगार व्यवस्थापन सूचना प्रणाली मार्फत अध्यावधिक गरिनेछ ।

२। सूचीकृत भएका बेरोजगार व्यक्तिहरुलाई न्यूनतम रोजगारीको प्रत्याभूती गर्नका लागि गाउँपालिकाका विभिन्न विकास निर्माण कार्यहरुमा पारिश्रमिकमा आधारित सामुदायिक आयोजना तथा युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना संचालन गरी रोजगारी प्रदान गरिनेछ ।

३। पालिका स्तरीय योजन कार्यान्वयन गर्दा सूचीकृत बरोजगारहरुलाई प्रथमिकतामा राखी काममा लगाईनेछ ।

४। दक्ष तथा सक्षम जनशक्तिको विकास गरी आन्तरिक रोजगारीको प्रवर्द्धन गर्न आवश्क सिपमूलक तालिमको पहिचान गरी संघ तथा प्रदेश सरकारको समन्वयमा तालिमको व्यवस्था मिलाईनेछ ।

५। स्थानीय तहभित्र रहेका रोजगारमूलक संस्थाहरु, निजी, सरकारी तथा गैह्र सरकारी संस्थाहरुसँग समन्वय गरी रोजगारी सृजनाका लागि अधिकतम पहल गरिनेछ ।

## २.सामाजिक विकास

### क) शिक्षा :

१। मकवानपुरगढी गाउँपालिकालाई **"समुदायिक विद्यालयमैत्री गाउँपालिका"** बनाउने नीति लिईने छ, सो का लागि शैक्षिक क्षेत्रमा योगदान गर्ने अनुभवी विशेषज्ञहरुको कार्यदल तयार गरी ५ वर्षीय शिक्षा सम्बन्धी रणनीतिक योजना निर्माण गरिनेछ ।

२। मकवानपुरगढी गाउँपालिका भित्रका सामुदायिक विद्यालयमा अध्ययनरत विपन्न, दलित र सिमान्तकृत समुदायका छात्रहरुलाई उच्च शिक्षामा पहुँच सुनिश्चित गर्नका लागि **"गाउँपालिका उपाध्यक्ष छात्रा शैक्षिक अनुदान कार्यक्रम"** संचालन गरिनेछ ।

३। गाउँपालिकाको अति बिपन्न, असहाय, दलित, उत्पीडिति, जेहेन्दार, प्राविधिक तथा उच्चशिक्षा अध्ययनरत छात्रछात्रालाई गाउँपालिकाले छात्रवृत्ति उपलब्ध गराउने नीति अवलम्वन गरिनेछ ।

४। प्ररम्भिक बालविकास सहजकर्ता तथा विद्यालय कर्मचारीहरुलाई संघीय सरकारद्वारा वित्तिय हस्तान्तरण भई आएको तलव भत्ता रकममा प्रचलित नियमानुसार न्यूनतम पारिश्रमिक नपुग हुन आउने बजेटको व्यवस्था मकवानपुरगढी गाउँपालिका द्वारा गरिने छ । साथै प्रारम्भिक बाल विकास केन्द्र संचालनमा नरहेका विद्यालयहरुमा न्यूनतम १ बालविकास केन्द्रको व्यवस्था गरिने छ । विद्यार्थीहरुको संख्याको आधारमा बालविकास केन्द्रहरुको पुनर्वितरण गर्ने नीति अवलम्वन गरिनेछ ।

५। विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको उपयोग गर्दै शिक्षण सिकाई क्रियाकलापलाई प्रविधिमैत्री बनाउने नीति अवलम्वन गरिने छ । यसका लागि इन्टरनेटको पहुँच नपुगेका विद्यलयहरुमा इन्टरनेटको पहुँच विस्तार गरिने छ साथै इन्टरनेटको पहुँच विद्यालयको इन्टरनेट क्षमता सुदृढीकरण गरिने छ । साथै **"एक विद्यालय, एक ल्यापटप कार्यक्रम"** कार्यान्वयन गरिनेछ ।

६। **"सिपमूलक प्राविधि शिक्षा, आजको आवश्यकता"** भन्ने नारालाई सार्थक बनाउन हाल प्राविधिक धार तर्फको बाली विज्ञान विषय अध्यापन भईरहेको श्री बंशगोपाल माध्यमिक विद्यालयमा कक्षा १२ सम्म स्तरोन्नती गरिने छ । प्रचलित नियम बमोजिम जनशक्ति व्यवस्थापन गरिने छ । साथै मकवानपुरगढी ७ मा रहेको श्री जनता माविलाई प्राविधिक धार तर्फको सिभिल इन्जिनियरिङ

विषय र श्री भानु माविलाई आई.टी. विषय संचालनको लागि क्रमशः सम्बन्धित निकायमा पहल गरिनेछ ।

७। संघीय सरकारबाट प्रारम्भिक बालविकास देखि कक्षा ६ सम्मका लागि वित्तिय हस्तान्तरण भईसकेको सन्दर्भमा यस स्थानीय तहबाट कक्षा ७ देखि कक्षा १२ सम्म विद्यालय दिवा खाजा कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

८। प्रधानाध्यापक र शिक्षकहरुको क्षमता विकासका लागि पेशागत विकासका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ । यसका अतिरिक्त प्रारम्भिक बालविकास सहजकर्ताहरुको क्षमता विकासका लागि मन्टेश्वरी विधिमा आधारित तालिम कार्यक्रम संचालन गरिनेछ ।

९। शिक्षा क्षेत्रका नौलो अभ्यासहरुलाई आत्मसाथ गर्नका लागि शैक्षिक अवलोकन भ्रमण जस्ता कार्यक्रम कार्यान्वयन गरिनेछ । प्रधानाध्यापकहरुलाई थप जिम्मेवार, पेशाप्रति दत्तचित्त, कर्तव्यनिष्ठ बनाई शैक्षिक सुधारमा योगदान दिनसक्ने वातावरण निर्माणका लागि प्रोत्साहन कार्यक्रम कार्यान्वयन गरिनेछ ।

१०। विद्यालयहरुमा अतिरिक्त शैक्षिक क्रियाकलापहरुलाई निरन्तरता दिई थप प्रभावकारी बनाईने छ ।

११। विद्यालयहरुमा विद्यमान खानेपानीको समस्यालाई क्रमशः समाधान गरिनेछ ।

१२। किशोर किशोरीहरुको महिनावारी स्वच्छतालाई ध्यानमा राखी आधारभूत कक्षा (६-८) र माध्यमिक तहको विद्यालयमा अनिवार्य रुपमा सेनिटरी प्याड डिस्पोजल मेसिन जडान गरिनेछ ।

१३। कोभिड १९ का साथै अन्य विपद्को समयमा शैक्षिक कृयाकलापलाई निरन्तरता दिनका लागि शैक्षिक आकस्मिक कोषको व्यवस्था गर्ने नीति लिईनेछ ।

१४। विविध कारणले शिक्षा सम्बन्धी प्रचलित कानूनमा तोकिएको मापदण्ड अनुसारको विद्यार्थी संख्या नभएका विद्यालयहरुलाई **"सार्वजनिक विद्यालय समायोजन एवम् एकिकरण कार्यक्रम कार्यान्वयन कार्यविधि २०७७"** ले गरेका व्यवस्था अनुसार एकीकरण तथा समायोजनमा जानका लागि प्रोत्साहित गरिनेछ ।

१५। संघीय सरकारबाट प्राप्त अनुदान तथा छात्रवृत्ति एवम् अन्य कार्यक्रमलाई प्रभावकारी बनाईनेछ । अति विपन्न, असहाय, दलित, उत्पिडित, जेहेन्दार छात्रछात्रालाई मावि, उच्च मावि र प्राविधिक विषय अध्ययन गर्न गाउँपालिकाले छात्रवृत्ति उपलब्ध गराउने नीति अवलम्वन गरिनेछ ।

१६। सामुदायिक विद्यालयबाट विद्यार्थी घट्दो क्रममा रहेको कारण खोजी गरी सरोकारवालाहरु सँगको समन्वयमा समस्या पहिचान गरी विद्यार्थी टिकाउ अभियान संचालन गरिनेछ ।

१७। मकवानपुरगढी गाउँपालिकामा विद्यालय बाहिर रहेका बालबालिकाहरु नियमित विद्यालय नआउने, ईटाभट्टामा आभिभावकहरुसँग मजदुरी गर्न जानेहरुको पहिचान गरी त्यसलाई न्यूनीकरण गर्न अभिभावक स्तर र समुदाय स्तरमा चेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।

१८। विद्यार्थीहरुको समग्र क्षेत्रको सुधारका लागि विद्यालयमा तहगत अभिभावक शिक्षा/अन्तरकिया कार्यक्रमलाई प्राथमिकता दिने नीति लिईनेछ । साथै विद्यार्थी पोर्टफलियो व्यवस्थापन अनिवार्य रुपमा गरिनेछ ।

१९। विद्यालयको भौतिक पूर्वाधार (विद्यालय भवन, फर्निचर, शौचालय, खानेपानी, कक्षाकोठा, खेलमैदान आदि) एवम् विद्यालय हातालाई बालमैत्री बनाईने छ । साथै **"एक विद्यालय एक बाल उद्यान कार्यक्रम"** संचलान गरिनेछ ।

२०। स्काउट र रेडक्रस कार्यक्रमलाई व्यवस्थित गरिदै लगिनेछ ।

२१। विद्यालयहरुमा ई-लाईब्रेरीको व्यवस्था गरिने छ साथै शिक्षकहरुलाई प्रविधिमैत्री शिक्षण सम्बन्धी तालिमको व्यवस्था गरिने छ । शिक्षक सामग्री तयारी कार्यशाला आयोजना गरिनेछ ।

२२। बाल दिवश एवम् शिक्षा दिवशलाई विशेष रुपमा मानउने साथै विद्यालय क्षेत्रभित्र जङ्कफुडलाई पूर्णरुपमा निषेध गरिनेछ ।

**ख) स्वास्थ्य :**

१। आ.व.२०७९/०८० मा मकवानपुरगढी र बुढीचौर स्वास्थ्य चौकीको लागि नयाँ भवन निर्माण र बाँकी ५ वटा स्वास्थ्य संस्थाको भवनमा आवश्यक मर्मत साथै तारबार वा कम्पाउण्ड निर्माण गरिनेछ ।

२। यस गाउँपालिकाको सबै जनतालाई स्वास्थ्य सेवाको पहूँच पु-याउन वडा नं. १ को पिङडाँडा, वडा नं. ६ को भञ्ज्याङ्ग र वडा नं. ८ को वोखरमा जनशक्ति सहित स्वास्थ्य संस्था स्थापना गरिनेछ ।

३। यस गाउँपालिकालाई पोषणमैत्री गाउँपालिका बनाउन तोकिएका सूचक पूरा गरेका आधारमा चालु आ.व.२०७८/०७९ मा थालनी गरिएको पोषणमैत्री वडा घोषणा कार्यक्रमलाई निरन्तरता दिई आ.व.२०७९/०८० मा थप एक वडा घोषणा गरिनेछ ।

४। स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरुमा उच्च मनोबल एवम् सेवा प्रति जनउत्तरदायी बनाउन आवश्यक प्रोत्साहन गरिनेछ ।

५। ८ वटै स्वास्थ्य संस्थामा आवश्यकताका आधारमा कर्मचारी परिचालन र व्यवस्थापन गरिनेछ ।

६। निर्माणाधीन मकवानपुरगढी सामुदायिक अस्पताल डुम्रेकुनाका लागि आवश्यक जनशक्ति र उपकरणका लागि संघीय र बागमती प्रदेश सरकारसँग समन्वय गरिनेछ ।

७। स्वास्थ्य संस्थाहरुमा १२ महिना नै तोकिएका निःशुल्क औषधीहरुको सहज आपुर्तिको व्यवस्था मिलाइनेछ ।

८। हाल सञ्चालनमा रहेका २ वटा प्रयोगशाला सेवालाई अझ प्रभावकारी बनाउदै आ.व.२०७९/०८० मा सुकौरा स्वास्थ्य चौकीमा प्रयोगशाला सेवा बिस्तार गरिने छ ।

९। गर्भवती र प्रसुती सेवा गुणस्तरीय, सहज र प्रभावकारी बनाउन सेवाग्राहीहरुलाई गाउँपालिकाबाट प्रोत्साहन गरिने छ ।

१०। आ.व.२०७९/०८० मा आमभञ्ज्याङ्ग र सुकौरा स्वास्थ्य चौकीमा सुरक्षित गर्भपतन सेवा बिस्तार गरिनेछ ।

११। गर्भवती महिलालाई घरदैलोमा नै भिडियो एक्स-रे सेवा प्रदान गर्न ग्रामीण अल्ट्रासाउन्ड मेसिन खरिद गरी तालिमको व्यवस्था गर्ने र ८ वटै स्वास्थ्य संस्थामा नै मासिक घुम्ती सेवा प्रदान गरिने छ ।

१२। स्वास्थ्य बीमा कार्यक्रमलाई प्रभावकारी बनाउन अति बिपन्न बर्गका कम्तिमा ५०० घरधुरीलाई र महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकालाई आगामी आर्थिक वर्षमा गाउँपालिकाबाट निःशुल्क बीमा गरिने छ ।

१३। शुन्य Home Delivery का लागि वडा नं.३,४ र ६ का स्वास्थ्य संस्थामा आवश्यक जनशक्ति र उपकरण व्यवस्थापन गरी प्रसुती सेवा बिस्तार गरिने छ ।

१४। किशोरकिशोरीमैत्री यौन तथा प्रजनन स्वास्थ्य सेवा सञ्चालनका लागि आमभञ्ज्याङ्ग र मकवानपुरगढी स्वास्थ्य चौकीमा किशोरकिशोरी मैत्री सेवा कक्ष र आवश्यक सामान व्यवस्थापन गरिने छ ।

१५। गत र चालू आ.व.मा सञ्चालित **"एक विद्यालय एक नर्स"** कार्यक्रम लागु भएका विद्यालय र आगामी आ.व.२०७९/०८० मा थप हुने विद्यालयमा आवश्यक औषधी तथा सामग्री सहित सहजीकरण गरिने छ ।

१६। पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानसँगको सहकार्यमा **जेष्ठ नागरिक तथा प्रशामक सेवा** कार्यक्रमलाई तालिम प्राप्त जनशक्ति परिचालन गरी प्रभावकारी बनाइने छ ।

१७। १२ वटा बाह्य खोप केन्द्र तथा २७ वटा गाउँघर क्लिनिक मार्फत गाउँटोलमा नै स्वास्थ्य सेवाका लागि आवश्यक स्थान, सामग्री तथा उपकरणको प्रबन्ध मिलाइने छ ।

१८। संघीय र प्रदेश सरकारबाट तोकिएका सशर्त स्वास्थ्य कार्यक्रमहरु सतप्रतिशत सञ्चालन गरिने छ ।

१९। महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रमलाई जनउत्तरदायी र सेवामुखी बनाउन आवश्यक प्रबन्ध गरिने छ ।

२०। अवधि पुगेका महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकालाई सम्मानजनक विदाई गर्न आवश्यक व्यवस्था गरिनेछ ।

२१। गाउँपालिकाभित्र सञ्चालित एम्बुलेन्सलाई पालिकास्तरीय संयन्त्र बनाई चालकको सेवासुविधा लगायत सञ्चालन खर्च व्यवस्थापन गर्न आवश्यक कार्यविधि निर्माण गरी नियमन तथा परिचालन गरिने छ ।

२२। मकवानपुरगढी गाउँपालिकालाई पूर्ण खोप सुनिश्चितता र दिगोपनलाई निरन्तरता दिन आवश्यक क्रियाकलाप सञ्चालन गरिने छ ।

२३। कोभिड-१९ लगायतका महामारीजन्य रोग नियन्त्रणका लागि आवश्यक सामग्री व्यस्थापन गरी जनशक्ति र सामाजिक परिचालन गरिने छ ।

२४। त्रैमासिक रुपमा मकवानपुरगढी गाउँपालिकाका जेष्ठ नागरिकहरुको लागि **"घरदैलो स्वास्थ्य परीक्षण"** कार्यक्रम सञ्चालन गरिने छ ।

२५। शारीरिक साथै मनोसामाजिक स्वास्थ्यलाई समेत सन्तुलित राख्न र त्यसको सवलीकरणको लागि माध्यमिक विद्यालयहरुमा किशोरकिशोरीहरुका लागि सकारात्मक सोच र तनाव व्यवस्थापन सम्बन्धी अभिमुखीकरण कार्यक्रम आयोजना गरिने छ ।

२६। मकवानपुरगढी गाउँपालिका स्वास्थ्य शाखाको संयोजनमा स्वास्थ्यको क्षेत्रमा कार्यरत संघसंस्था र अस्पतालहरुसँग समन्वय गरी महिलाहरुको निःशुल्क पाठेघरको मुखको परीक्षण लगायत प्रजनन स्वास्थ्य शिविर सञ्चालन गरिने छ ।

**ग) खानेपानी तथा सरसफाइ :**

१। मकवानपुरगढी गाउँपालिकाको खानेपानी तथा सरसफाइ समस्या समाधान गर्नका लागि **"खानेपानी सरसफाइ तथा स्वच्छता योजना"** (**WASH Plan**) निर्माण गरी कार्यान्वयनको थालनी गरिनेछ ।

२। खानेपानी आयोजनाहरुलाई ठुला, मझौला र साना गरी ३ भागमा बर्गीकरण गरी बजेट विनियोजन तथा प्रदेश संघसँग बजेटका लागि समन्वय गरिनेछ ।

३। स्थानीय खानेपानी मुहानहरुको पहिचान, संरक्षण र मर्मत गरिनेछ ।

४। एक घर-एक धाराको नीति अवलम्वन गरिनेछ ।

५। खानेपानी समस्या समाधानका लागि मकवानपुरगढी २, ३ र ४ मा संचालित बृहत खानेपानी योजनालाई थप स्तरबृद्धि गरी उपभोक्ताहरुलाई नियमित खानेपानीको व्यवस्था गरिनेछ ।

६। सार्वजनिक स्थलहरुमा सार्वजनिक शौचालय निर्माणको लागि योजना निर्माण गरिनेछ ।

७। खानेपानी तथा सरसफाइ सम्बन्धी योजनाहरु कार्यान्वयन गर्न खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ लगायत अन्य विभिन्न संघसंस्थाहरुसँग समन्वय गरिनेछ ।

८। कुहिने र नकुहिने फोहोरको बर्गीकरण गरी घरबाटै फोहोर व्यवस्थापनको लागि सचेतनाको कार्यक्रमहरु संचालन गरिनेछ साथै फोहोरको दिगो व्यवस्थापनका लागि आवश्यकताको आधारमा ल्याण्डफिल्ड साईडको पहिचान र व्यवस्थापनका लागि कार्य प्रक्रिया अगाडि बढाईनेछ ।

९। स्वच्छ खानेपानी तथा सरसफाई सेवा व्यवस्थापनका लागि गठन भएको मकवानपुरगढी खानेपानी व्यवस्थापन बोर्ड लाई स्पष्ट नीति बनाई थप व्यवस्थित गरिने छ। विद्यमान रहेका सबै खानेपानी उपभोक्ता समितिलाई यस बोर्ड अन्तर्गत राखी **खानेपानी व्यवस्थापन कोषको निर्माण** गरिने छ।

१०। खानेपानीको क्षेत्रमा देखिएको समस्यालाई मध्यनजर गरी अल्पकालिन र दीर्घकालिन दुईचरणका खानेपानीका आयोजना संचालन गरीने छ ।

११। स्थानीय खानेपानीका मुहानहरुको मर्मत सम्भार र संरक्षण गर्दै नयाँ आयोजनाको संचालन गरी स्वच्छ खानेपानीको व्यवस्था गर्दै आधारभुत खानेपानीको उपलब्धतालाई सुनिश्चित गरिनेछ ।

१२। चालु आ.व.बाट सम्वन्धित निकायहरु संगको समन्वय र सहकार्यमा वडा न. १, २, ३, ४,५ र ६ मा ठूला खानेपानीका आयोजनाहरुको कार्य प्रारम्भ गरिएकोले ति आयोजनाहरु आगामी आ.व. भित्र सम्पन्न हुने गरी बजेटको विनियोजन र थप श्रोतको खोजी गरिनेछ ।

१३। ५ वर्षभित्र यस मकवानपुरगढी गाउँपालिकालाई पूर्ण सरसफाइयुक्त गाउँपालिका घोषणाको लागि कार्य प्रारम्भ गरिनेछ ।

१४। अति विपन्न परिवार, एकल महिला तथा पुरुष, अपाङ्गता भएका परिवारलाई पक्की शौचालय निर्माणमा सहयोग पुर्‍याउने नीति अवलम्वन गरिनेछ । **एक घर एक पक्की शौचालय**को अवधारणालाई निरन्तरता दिइनेछ। गाउँपालिकाले तोकेको समय भित्र पक्की शौचालय निर्माण नगरेमा गाउँपालिकाबाट प्रदान गरीने सेवामा रोक लगाउने नीति अवलम्वन गरिनेछ ।

१५। पर्यटकीय क्षेत्र ऐतिहासिक गढी दरवार र ढुङ्गेगढीमा तत्काल खानेपानी वितरणको कार्य गर्न आवश्यक बजेट तथा कार्यक्रम सञ्चालन गरिनेछ।

१६। मकवानपुरगढी ४ स्थित बुर्जाडाँडा खानेपानी योजना निर्माणका लागि प्रक्रिया अगाडि बढाईनेछ ।

## घ) संस्कृति प्रवर्द्धन र विकास :

१। मकवानपुरगढीका सबै जातजातिहरुको भाषा, कला र संस्कृति संरक्षण र विकासमा जोड दिईनेछ ।

२। परम्परागत कला संस्कृतिको जगेर्ना गर्ने उद्देश्यका साथ धार्मिक स्थल, मन्दिर, गुम्बा र चर्च जस्ता संरचनाहरुको निर्माणमा उत्तिकै जोड दिईनेछ।

३। हिन्दु धर्मावलम्वीहरुको खैंजडी भजनलाई दोस्रो पुस्तासम्म हस्तान्तरण गर्ने उद्देश्यले लक्षित वडाहरुमा **खैजडी भजन समुह** गठन गरिनेछ ।

४। बौद्ध धर्मावलम्वीहरुको **"लामा नाच"** लाई प्रवर्द्धन गर्न लक्षित स्थानहरुमा **"लामा नाच प्रदर्शन"** गरिनेछ। साथै डम्फूह्वाई तथा तामाङ सेलो प्रतियोगिता सञ्चालन गरिनेछ।

५। मकवानपुरगढी ७, सुकौरामा **वोन्वो सामाग्री संग्रहालय** निर्माणको काम थालनी गरिनेछ।

६। सम्भाव्य ठाउँको अध्ययन गरी गाउँपालिका स्तरीय एकिकृत बौद्ध पाठशाला गुम्बा निर्माणको लागि डि.पि.आर. तयार गरी प्रदेश र संघीय सरकार सँग बजेट पहल गरिनेछ।

७। सबै धर्म, संस्कृती र परम्पराको विकास एवम् संरक्षणमा समान दृष्टि र समान अवसरको नीति अवलम्वन गरिनेछ ।

८। स्थानीय चाडपर्व, विवाह, ब्रतवन्ध, गुन्यौचोली, पास्नी जस्ता शुभ कार्यहरुमा परम्परागत पञ्चेबाजाको प्रयोगलाई प्रोत्साहन गरिनेछ । प्रत्येक वडामा पञ्चेबाजा समुह बनाई बाजा खरिद गर्न गाउँपालिकाले बजेट उपलब्ध गराउने छ र यस वर्ष वडा नं. ३ र ४ बाट कार्य थालनी गरिनेछ ।

९। ऐतिहासिक विजयपार्कमा जनजाती सग्रंहालय निर्माणको लागि बजेट व्यवस्थापन गर्न पहल गरिनेछ ।

**ङ) खेलकुद :**

१। मकवानपुरगढी गाउँपालिका, खेलकुद विकासको लागि राम्रो सम्भावना बोकेको गाउँपालिका भएको हुँदा खेलकुद क्षेत्रको विकास र प्रवर्द्धनका लागि **गाउँपालिका स्तरीय खेलकुद विकास समिति** गठन गरिनेछ । साथै सो बोर्ड मार्फत सबै युवा क्वलबहरुलाई एकाकार गरी एकिकृत खेलकुद विकास कार्यक्रम संचालन गरिनेछ ।

२। मकवानपुरगढी ५, धादिङ्ग स्थित खुला चौरलाई **मिनि रङ्गसालाको** रुपमा विकास गर्न आवश्यक पहल गरिनेछ ।

३। मकवानपुरगढी २ कुर्लेमा स्थानीय युवाहरुको मागलाई लक्षित गरी पालिकास्तरको रङ्गशालाको रुपमा विकास गर्न प्रदेश र संघीय सरकार सँग पहल गरिनेछ ।

४। **एक वडा एक खेलकुद मैदान**को अवधारणालाई प्राथमिकता दिईनेछ र युवाको समग्र स्वास्थ्यलाई सन्तुलित राख्न खेल क्षेत्रमा जोड गरिनेछ । सथै वडा नं. ३ मा व्याडमिन्टन कभर्ड हलको निर्माणका लागि आवश्यक कार्यप्रक्रिया अगाडि बढाईनेछ ।

५। प्रत्येक वर्ष खेलकुद विकास बोर्डको आयोजना र मकवानपुरगढी गाउँपालिकाको प्रायोजनमा **“गाउँपालिका स्तरीय खेलकुद प्रतियोगिता”** संचालन गरिनेछ ।

६। स्थानीय तह रनिङ्ग सिल्ड, राष्ट्रिय र जिल्ला स्तरीय प्रतियोगिता संचालन गरी खेल क्षेत्रलाई प्रवर्द्धन गरिनेछ ।

७। हरेक वर्ष **सहिद रुद्र पाखिन/सहिद बासुदेव घिमिरे स्मृति फुटवल प्रतियोगिता** संचालन गरिनेछ ।

८। विभिन्न जिल्ला स्तरीय र राष्ट्रिय खेलकुद प्रतियोगितामा स्थानीय खेलाडीहरुलाई सहभागी गराउनको लागि समन्वय गरिनेछ ।

९। मकवानपुरगढी ४ स्थित बुर्जाडाँडा खेलमैदान निर्माणको कार्य अगाडि बढाईनेछ ।

१०। मकवानपुरगढी ३ स्थित भानु माविको स्वामित्वमा रहेको फुटसल मिनीपिचलाई आवश्यकत प्याराफिट तथा छानो निर्माणको लागि स्थानीय तह, प्रदेश तथा संघीय सरकार संग समन्वय गरी कार्य अगाडि बढाईनेछ ।

११। मकवानपुरगढी ३ र ४ को सिमानामा रहेको कालीखोला खेलमैदानको स्तरउन्नती गरिनेछ ।

**च) लैंगिक समानता तथा सामाजिक समावेशीकरण :**

**अ) युवा :**

१। **“विकासमा स्थायित्व, युवाको दायित्व”** भन्ने नाराका साथ मकवानपुरगढी गाउँपालिकाका युवाहरुलाई समेटी पालिका स्तरीय युवा मञ्च गठन गरिनेछ ।

२। युवाहरुलाई उत्पादनमा केन्द्रित गरी कृषि, पशुपालन, पर्यटन प्रवर्द्धन र विकास कार्यक्रम बनाई स्थानीय कच्चापदार्थमा आधारित घरेलु उद्योगको स्थापना गरी स्वरोजगार सिर्जना गर्ने खालका कार्यक्रमहरु संचालन गरिनेछ ।

३। पालिकाले गठन गर्ने युवा मंच मार्फत युवाहरुको भेला गरी उनीहरुको मागको आधारमा र विशेष गरी आजका युवालाई सकारात्मक भई समृद्धिको यात्रामा डोऱ्याउन सकारात्मक सोचाई सम्बन्धी तालिम प्रदान गरिनेछ ।

४। युवाहरुलाई उद्यम सँग जोड्न आवश्यक पर्ने लगानी उपलब्ध गराउन स्थानीय सहकारी र अन्य वित्तिय संस्थाहरुसँग समन्वय गरिनेछ ।

५। युवा जस्तो सिर्जनशील र क्षमतावान शक्तिलाई विकृती, विसंगती र सामाजिक अपराधबाट मुक्त राख्न तत् सम्बन्धी जिम्मेवार निकाय तथा सामाजिक संघ संस्थाहरुसँग सहकार्य एवम् समन्वय गरिनेछ ।

**आ) महिला :**

१। मकवानपुरगढी गाउँपालिकाको १० वटा माध्यमिक विद्यालयका छात्राहरुलाई आफ्नो सुरक्षा आफैं गर्न आत्मरक्षा तालिम प्रदान गरिनेछ ।

२। महिलाहरुको आर्थिक सशक्तिकरणका लागि विभिन्न आयआर्जनमूलक/सिपमूलक तालिमको आयोजना गरी उद्यम गर्न चाहने महिला वा महिला समुहलाई बिउ पूँजि प्रदान गर्ने नीति लिईनेछ ।

३। निवार्चित जनप्रतिनिधि तथा अगुवा महिलाहरुका लागि नेतृत्व विकास तालिम संचालन गरिनेछ ।

४। **"मकवानपुरगढीको आवाज, हिंसा रहित समाज"** भन्ने नाराका साथ यस गाउँपालिका क्षेत्रका महिलाहरुलाई आत्मनिर्भर र सक्षम बनाउन उनीहरुको सामाजिक, सांस्कृतिक, राजनीतिक र आर्थिक सशक्तिकरणका कार्यक्रम संचालन गरिनेछ ।

५। एकल महिलाहरुका लागि व्यवसाय प्रोत्साहन कार्यक्रम संचालन गरिनेछ ।

६। असहाय एवम् हिंसामा परेका महिला तथा बालबालिकाहरुलाई आश्रय प्रदान गर्न लागि सुरक्षित गृह (safe House) निर्माणका लागि प्रदेश, संघ एवम् अन्य दातृ निकायहरु समक्ष पहल गरिनेछ ।

**इ) दलित :**

१। नेपालको संविधानले लक्षित वर्गको मौलिक हकका रुपमा अगाडि ल्याईएको अधिकारहरुलाई स्थानीय सरकारको तहबाट पूर्णरुपमा कार्यान्वयन गर्ने वातावरण बनाईनेछ ।

२। दलित समुदायको वास्तविक पहिचान गरी उनीहरुको जीवनस्तर उकास्ने, सिप दक्षता बढाउने तथा आर्थिक, सामाजिक आवस्थामा परिवर्तन ल्याउने कार्यक्रम संचालन गरिनेछ ।

३। जातिय छुवाछुत हटाउन सहयोग गर्ने किसिमका घुम्ती कविता, गजल वाचन तथा सडक नाटक जस्ता चेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ। यस्ता काममा विभिन्न साहित्यिक संघसंस्थाहरु र सांस्कृतिक कलाकेन्द्रहरुलाई परिचालन गरिनेछ ।

४। दलित समुदायका समग्र विकास एवम् उनीहरुको व्यवसायिक तथा उद्यमशीलता विकासका लागि चेतनामूलक, सिपमूलक तालिम तथा व्यवसायिक अनुदानको व्यवस्था गरिनेछ ।

५। दलित समुदायका बालवालिकाहरुलाई कक्षा १२ सम्मको निशुल्क शिक्षा प्रदान गर्ने संघीय सरकारको नीतिलाई पूर्णरुपमा पालना गरिनेछ ।

६। **"उठौं, जागौं र केही राम्रो गरौं हामी र हाम्रो पुस्ताको लागि"** भन्ने भावनाको विकास गराउने सकारात्मक सोचका कार्यक्रमहरु संचालन गरिनेछ ।

७। दलित समुदायका विद्यार्थीहरुलाई निशुल्क प्राविधिक विद्यालयमा अध्ययन गर्ने व्यवस्था मिलाईनेछ ।

**ई) जेष्ठ नागरिक :**

१। प्रत्येक वडामा जेष्ठ नागरिक दिवा सेवा केन्द्र स्थापना गरिनेछ ।

२। जेष्ठ नागरिक अनुभवका खानी, नयाँ पुस्ता र समाजका पथ प्रदर्शक हुन् भन्ने भावना जागृत हुने कार्यक्रम संचालन गरिनेछ ।

३। **" जेष्ठ नागरिकसँग गाउँपालिका सरकार"** भन्ने नारालाई सार्थक बनाउन **"गाउँपालिका अध्यक्ष जेष्ठ नागरिक कोसेली कार्यक्रम"** संचालन गरिनेछ ।

४। मकवानपुरगढी गाउँपालिका स्वास्थ्य शाखा एवम् वडाका स्वास्थ्य इकाई मार्फत "जेष्ठ नागरिकहरुको घरदैलो स्वास्थ्य परिक्षण कार्यक्रम" संचालन गरिनेछ ।

५। जेष्ठ नागरिकहरुको गुनासो सुनुवाई कार्यक्रम संचालन गरिनेछ ।

**उ) बालबालिका :**

१। मकवानपुरगढी गाउँपालिकालाई बालमैत्री स्थानीय शासनयुक्त गाउँपालिका घोषणा गरिसकिएकोले सो को दिगोपनाका लागि तयार गरिएको वडा तहका ३ वर्षिय लगानी योजना तथा पालिका स्तरीय पञ्चवर्षिय रणनीतिक योजना अनुरुपका कार्यक्रमहरु संचालन गरिनेछ ।

२। घर, विद्यालय र समुदाय स्तरबाट नै बालमैत्री व्यवहारलाई लागु गर्ने नीति अवलम्वन गरिनेछ ।

३। बाल श्रम, बाल विबाह, बाल हिंसा जस्ता बाल अधिकार हनन सम्बन्धी घटनाहरुलाई पूर्णरुपमा निरुत्साहित गरिनेछ ।

४। बालबालिकाहरुको समग्र हितलाई ध्यानमा राख्दै बालबालिका सम्बन्धी संघसंस्थाहरुसँग समन्वय र सहकार्य गरी काम गरिनेछ ।

५। बालबालिकाहरुलाई राम्राकुरा, काम र भविष्यप्रति जागृत गराउन विद्यालय स्तरमा सकारात्मक सोच सम्बन्धी तालिम आयोजना गरिनेछ ।

६। गाउँपालिका क्षेत्रमा निर्माणहुने हरेक भौतिक संरचनाहरु बालमैत्री बनाउने नीति लिईने छ साथै बालश्रम बिरुद्धको सचेतना कार्यक्रम संचालन गरिनेछ ।

**ऊ) जनजाति :**

१। मकवानपुरगढी गाउँपालिकाका ५९ प्रतिशत जनजातिको बसोबास रहेको गाउँपालिका भएकोले उनीहरुको सामाजिक सांस्कृतिक, भाषिक, राजनीतिक र आर्थिक विकासको कार्यक्रम संचालन गरिनेछ ।

२। **"जनजाति कृषि व्यवसाय"** प्रोत्साहन कार्यक्रम संचालन गरिनेछ ।

३। आदिवासी जनजातिहरुको शिक्षा, रोजगारी, आयआर्जनमा पहुँच अभिवृद्धिका लागि लक्षित गरी आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ ।

**ए) अपाङ्गता :**

१। मकवानपुरगढी गाउँपालिका क्षेत्रमा निर्माण गरिने सार्वजनिक भवनहरुलाई अपाङ्गमैत्री बनाईनुका साथै अपाङ्गताको प्रकृति हेरी अपाङ्गता सहायता सामग्रीहरु उपलब्ध गराईनेछ ।

२। **अपाङ्गता भएका व्यक्तिलाई हेलाको दृष्टिले नहेरौं** भन्ने भावनालाई अभिवृद्धि गर्न गाउँपालिका भित्रका अपाङ्गताको क्षेत्रमा काम गर्ने सहकारीहरुलाई क्षमता अभिवृद्धि तालिम र सहायता सामग्री उपलब्ध गराईनेछ ।

३। अपाङ्गहरुको जीवनस्तर सुधार गर्ने कार्यलाई विभिन्न तालिम, सचेतना र अनुदानको कार्यक्रम संचालन गरिनेछ ।

४। शारिरीक अपाङ्गता भएका विद्यार्थीहरुलाई उच्च शिक्षासम्म निशुल्क पठनपाठनको व्यवस्था गरिनेछ ।

५। गाउँपालिकामा रहेका कुष्ट अपाङ्गता भएका व्यक्तिहरुलाई उनीहरु सम्बद्ध सहकारी संघसंस्था मार्फत प्रोत्साहन हुने, आत्मवल बढाउने र आयआर्जनमुखी कार्यका लागि दक्षता माग र आवश्यकताको आधारमा सहयोग पुऱ्याईनेछ ।

६। कुष्ट अपाङ्ग तथा अपाङ्गता भएका व्यक्तिहरुले सम्मानजनक रुपमा बस्न, आफ्ना गतिबिधि गर्न तथा आयआर्जनमूलक काम गर्न पाउने वातावरण बनाईनेछ ।

## ३. पूर्वाधार क्षेत्र :

### क) स्थानीय सडक, पुल तथा झोलुङ्गे पुल :

१। मकवानपुरगढी गाउँपालिकाको सदरमुकामसम्म सबै वडाहरुमा बाह्रै महिना सञ्चालन हुनेगरी सडक स्तरीकरणलाई प्राथमिकता दिईनेछ ।

२। सामरी पुलदेखि डुम्रेकुनासम्मको सहिद बासुदेव मार्गलाई आगामी आर्थिक वर्षभित्रमा पक्की बनाईनेछ ।

३। बागमती प्रदेश राजधानी हेटौंडा-५ पिप्लेदेखि मकवानपुरगढी गाउँपालिकाको सदरमुकाम मक्राञ्चुली हुँदै धमिले सोल्टीमोड, न्यौपानेटार, खोरभञ्ज्याङ्ग बकैया द्रूत मार्ग जोड्ने सडकलाई **"सहिद रुद्र पाखिन मार्ग"** नामाकरण गरी विस्तृत परियोजना प्रतिवेदन तयार गरी ५ वर्ष भित्र कार्यान्वयन गर्न संघ प्रदेश सरकारसँग बजेटको लागि आवश्यक पहल गरिनेछ ।

४। मकवानपुरगढी गाउँपालिकाका सबै वडाहरुबाट पालिका कार्यालयसम्म आवतजावत गर्ने सडकहरुलाई स्तरउन्नती गरी आ.व. २०८२/०८३ सम्ममा पक्की बनाईनेछ ।

५। सबै वडाको कार्यालयसम्म पुग्ने सडकलाई पक्की बनाउँदै लगिनेछ। साथै सडकहरुको बर्गीकरण गरी प्राथमिकताको आधारमा ग्रवेलिङ तथा स्लाब गरिदै लगिनेछ ।

६। वडा नं. ५ र ६ मा निर्माण भईरहेका साना ठुला सडकहरुलाई जोड्ने र बस्तीबाटै ठुला ढुवानीका साधनहरु चल्दै गर्दा दुर्घटनाको सम्भावना बढ्ने एवम् स्थानीय बासिन्दालाई पर्ने असहजतालाई ध्यानमा राख्दै सामरी खोलाको दुबैतर्फ करिडोर सडक निर्माणको अवधारणा अघि बढाईनेछ ।

७। हरेक वडाहरुले सडकहरुको बर्गीकरण गरी प्राथमिकताका साथ निर्माण गर्ने नीति अवलम्वन गरिनेछ ।

८। मकवानपुरगढी ३ र ५ लाई जोड्ने धादिङ्ग-सामरी पुलको निर्माणको लागि प्रदेश र संघीय सरकार सँग पहल गरिनेछ ।

९। गाउँपालिकाबाट माग भई स्वीकृत भएका झोलुङ्गे पुलको निर्माणमा तदारुकताका साथ लागिने छ र अन्य क्षेत्रमा माग भएका झोलुङ्गे पुलहरुको सम्भाव्यता अध्ययन गरी सम्बन्धित निकायहरु सँग समन्वय गरी निर्माण गरिनेछ ।

१०। मकवानपुरगढी वडा नं ८ र भिमफेदी जोड्ने ईक्चुङ्ग-बुढीचौर सडक निर्माणलाई प्राथमिकताका साथ लगिने छ र स्थानीय किसानहरु द्वारा उत्पादित कृषिजन्य उत्पादनहरुलाई सहजताका साथ बिक्रि गर्नका लागि बाटो खोलिनेछ ।
११। बुढिचौर-इपा सिस्नेरी ट्र्याक विस्तारका लागि आवश्यक पहल गरिनेछ ।
१२। वडा नं. ४ को सामरी पुल, सयपत्री देखि मनकामना-भञ्ज्याङ्ग जोड्ने बाटो निर्माण गरिनेछ ।
१३। वडा नं. १ को एक्लेखेत-आँपटार-रानिसेरा र दोभानचौर-फुलबारी-डाँडागाउँ अधेँरी जोड्ने बाटोलाई प्राथमिकताका साथ निर्माण गरिनेछ ।
१४। गाउँपालिकाको सबै वडाहरुका अधिकांश बस्तीहरुमा सडक संजाल पुगिसकेको हुँदा अब नयाँ ट्र्याक खोल्ने भन्दा पनि सडकको स्तरोन्नतीलाई प्राथमिकता दिईनेछ ।
१५। मकवानपुरगढी गाउँपालिका वडा नं. ३ र ५ जोड्ने, ४ र ५ जोड्ने, ३ र ६ जोड्ने फलामे पुल तथा ४ र ५ जोड्ने झोलुङे पुल र ३ र ६ जोड्ने वेलिवृज निर्माण सम्पन्न भइसकेको साथै २, ३ र ६ जोडने सोल्टीमोड लामीडाँडाको पक्की पुल निर्माण अन्तीम अवस्थामा पुगेको छ । वडा २ र ६ जोड्ने सामारी खोलामा पुल निर्माणको प्रारम्भ यसैवर्ष देखि सुरु हुने भएको छ । सातकन्या-सुकौरा दोभानमा पक्की पुल निर्माणको डिपिआर तयार गरी कार्यान्वयन गरिनेछ । वडा नं. १ मा रहेको ढाप जाने बुदुने खोला बेलि ब्रिज र आँपटार क्षेत्रको बुदुने खोला पक्की पुल निर्माण गर्न डिपिआर निर्माण गरी कार्यान्वयनको थालनी गरिनेछ । वडा नं. ८ मा बर्गीटार-गुर्दम जोड्ने झोलुङ्गे पुल निर्माणको लागि प्रदेश र संघीय सरकारसंग पहल गरी कार्यन्वयनको लागि प्रकृया अगाडि बढाईनेछ । वडा नं. ५ र ६ जोड्ने भालुखोला पक्की पुल निर्माण गरिने छ ।
१६। बरबोट सामरी सडक स्तरोन्नतीका लागि विशेष पहल गरिनेछ ।
१७ ज्यामिरे-पेटिटोल, भञ्ज्याङ्ग-सिद्धार्थ सडकलाई स्तरउन्नती गरी पक्की बनाईनेछ । साथै मजुवा-फूलवारी-भञ्ज्याङ्ग सडकलाई स्तरउन्नती गरी पूर्ण बनाउन विशेष पहल गरिनेछ ।
१८। सिमात खोला झोलुङ्गेपुल, सुकौरा झोलुङ्गेपुल तथा ज्यामिरे झोलुङ्गेपुल निर्माण कार्य अगाडि बढाईनेछ ।
१९। मकवानपुरगढी गाँउपालिकाबाट अन्य स्थानीय तह, भिमफेदी, बकैया र हेटौंडा उपमहानगरपालिका जोड्ने तथा द्रुत मार्ग र मुख्य राजमार्गमा जोड्ने सडकलाई लिङ्क रोडको रुपमा विकास गर्न साझेदारी सडक निर्माणको मोडेलमा कार्य गर्ने नीति अवलम्वन गरिनेछ ।
२०। वासुदेव मार्ग अन्तर्गत डुम्रेकुनादेखि बुढीचौर सम्मको मोटरवाटो निर्माणको लागि संघीय सरकारसंग पहल गरी बजेटको व्यवस्था गरिने छ ।
२१। गैरिभञ्ज्याङ्ग-वासपानी-सुकौरा-बुढीचौर जाने सडक डिपिआर भैसकेकोले उक्त सडक निर्माणको लागि प्रदेश सरकार तथा संघीय सरकारसँग पहल गरी निर्माण कार्य सुरु गरिने छ ।
२२। ऐतिहासिक स्थल मकवानपुरगढी दरवार सडकलाई यसै बर्ष पुर्ण रुपमा स्लाप ढलान गरी सडक निर्माण गर्ने र ढुङ्गेगढी जोने सडकलाई यसै बर्ष स्लाब ढलान गरी सडक निर्माण कार्य अगाडि बढाईनेछ ।
२३। मकवानपुरगढी १ र २ नं. वडा जोड्ने गढीभन्ज्याङ्ग पिङडाँडा रानीसेरा सडकको स्तरउन्नती गरी पक्की बनाउने कार्य अगाडी बढाईनेछ ।
२४। कान्तीलोकपथ रानीडाँडा आँपटार सडक निर्माणको लागि आवश्यक पहल गरिनेछ ।
२५। धर्मचुली लामीडाँडा ग्रामिण कृषि सडकको डिपिआर तयार गरी सडक निर्माण कार्य अगाडि बढाईनेछ ।
२६। डुम्रेकुना-अदालत डाँडा-देउखुरी भञ्ज्याङ सडक विस्तारको लागि आवश्यक पहल गरिनेछ ।

२७ मनकामना-धादिङ्ग कृषि सडक जोड्ने बाटो स्तरोन्नती गर्न DPR तयार गरी प्रदेश तथा संघ सरकारसमक्ष पहल गरिनेछ ।

२८। मकवानपुरगढी वडा नं. ७ को लामाखोला कार्की डाँडा, जुरेथुम हात्तीआल हुँदै जितपुर भञ्ज्याङ्गसम्म जोड्ने मोटरबाटो स्तरउन्नतीको लागि विशेष पहल गरिनेछ ।

२९। तल्लो जिम्मर नरसिंह डाँडा जोड्न सडक खोल्ने कार्य गरिनेछ ।

३०। माथिल्लो जिम्मर नरसिंह जोड्ने सडक निर्माण तथा स्तरोन्नती गर्न पहल गरिनेछ ।

३१। मकवानपुरगढी वडा नं. ३ अन्तर्गतका चौघडा मक्राञ्चुली द्रुतमार्ग, फुटसल टावरडाँडा झल्ला हुँदै फलामे पुल जोड्ने सडक, बाबियोडाँडा देवीडाँडा मगरडाँडा बेलीब्रिज सडक, बाबियोडाँडा देवीडाँडा धमिले सडक तथा मक्रानडाँडा दोर्जेसरको घर हुँदै खोलाखेत जोड्ने सडकको स्तरउन्नती गरिनेछ ।

३२। हेटौंडा ५ सिंचाई टोल देखि मनकामना मन्दिरसम्मको सडक स्तरउन्नती गरिनेछ ।

३३। मकवानपुरगढी ४ र ५ कालिवन जोड्ने पक्की पुल निर्माणको लागि विशेष पहल गरिनेछ ।

**ख) सिंचाई :**

१। गाउँपालिका अन्तर्गत विभिन्न वडामा निर्माणाधिन अधुरा सिंचाईका योजनाहरुलाई पुरा गर्दै संचालन तर्फ जोड दिईने छ साथै नयाँ माग भई आएका सिंचाई योजनाहरुको सम्भाव्यता अध्ययन गरी सो को स्रोत सुनिश्चित गर्न विभिन्न निकायहरु सँग पहल गरिनेछ ।

२। कम्तीमा १० घरधुरीसम्मलाई लाभ दिन सक्ने साना सिंचाईको सम्भावना देखिएमा त्यस्ता योजनाहरुमा गाउँपालिका आफैंले “साना सिंचाई योजना” लागु गर्नेछ ।

३। साना तथा थोपा सिंचाईका योजनाहरु समुह तथा कृषि सहकारीहरु सँग समन्वय गरी लागत साझेदारीको अधारमा कार्यान्वयन गरिनेछ ।

४। सिंचाई आयोजना, कुलो, नहर, पाईप लाईन, डिप बोरिङ तथा प्लास्टीक पोखरी एवम् थोपा सिंचाई कार्यक्रमलाई प्राथमिकता दिईनेछ ।

५। ठूला सिंचाई परियोजनाको सम्भाव्यता अध्ययन गरी खेतियोग्य जमिनको कृषि उत्पादनमा जोड दिईनेछ ।

६। सिँचाई आयोजनामा लागत सहभागीता (७०-३०) को नीति आवलम्वन गरी कार्यान्वयनमा लगिनेछ ।

७। कुर्ले सिचाई योजनालाई निर्माणको लागि आवश्यक डिपिआर तयार गरी निर्माणको लागि बजेटको व्यवस्थापन गरी कार्यान्वयन गरिनेछ ।

८। तल्लो कुर्लेदमार सिंचाई योजना सञ्चालन गर्न आवश्यक पहिचान गरी निर्माण योजना सञ्चालन गराईनेछ ।

९। खोलाखेत, धवाडी, माथिल्ला धवाडी, आँपखोला सिंचाई योजना निर्माण गर्न संघ र प्रदेशमा सरकारसँग बजेट माग गरिनेछ ।

१०। धमिले, झल्ला, बागदली, डुम्रेकुना, सातकन्या, सुकौरा, न्यौपानेटार सिचाई, छापलाटोखोला कत्लेखोला, चालिसे, बाँदरखोल्सी, भालुखोला भित्ताटोल सिचाई मर्मत तथा निर्माण गर्न पहल गरिनेछ ।

**ग) भवन निर्माण तथा बस्ती विकास :**

१। गाउँपालिकाले दिगो विकासका पुर्वाधारहरु तयार गर्ने क्रममा गाउँ यातायात गुरुयोजना (RMTMP) तयार भई कार्यान्वयनमा आईसकेकोले सोही गुरुयोजनामा उल्लेखित सडक मापदण्डका आधारमा भवन निर्माण तथा नक्शा कार्यलाई व्यवस्थित गरिने छ ।

२। गाउँपालिकाको स्वीकृति लिएर मात्र जग्गा प्लटिङ्ग र वस्ति विकास कार्यक्रम संचालन गर्ने नीति लिईनेछ ।

३। गाउँपालिकाले उपयुक्त क्षेत्रको छनौट गरी बस्ती विकास कार्यलाई उच्च प्राथमिकता दिई आगामी आर्थिक वर्षबाट नै सम्भाव्यता अध्ययन गरी क्षेत्र छनौटको कार्य प्रारम्भ गरिनेछ ।

४। चालु आर्थिक वर्षबाट शुरु गरिएको खरको छानोमुक्त गाउँपालिका बनाउने अभियान आगामी आर्थिक वर्षमा सम्पन्न गरिनेछ ।

५। विकासको पूर्वाधार पुऱ्याउन नसकिने, बसोबासको लागि योग्य बस्तीलाई संघ र प्रदेश सरकारका निकायसँग समन्वय गरी उपयुक्त जग्गाको खोजी गरी बस्ती स्थानान्तरण गर्ने नीति लिइनेछ ।

६। गाउँपालिकाको सुविधा सम्पन्न भवन निर्माण गर्न उपयुक्त जग्गाको खोजी गरी निर्माण कार्य थालनी गर्न पहल गरिनेछ ।

७। हाल निर्माणाधिन अवस्थामा रहेका वडा कार्यालय तथा स्वास्थ्य भवनको स्तरोन्नती तथा आवश्यक थप पूर्वाधार विकास गरी व्यवस्थित गरीनेछ ।

८। सवै वडा कार्यालयको भवन निर्माण तथा मर्मत सम्भारको कार्य गरिनेछ । २ नं. वडाको भवन तल्ला थप निर्माण गरिनेछ ।

९। मकवानपुरगढी गाउँपालिका वडा न. ४, ६, ७ र १ मा वडा कार्यालय भवन निर्माण पहल गरिनेछ ।

**घ) विद्युतीकरण एवम् वैकल्पिक उर्जा :**

१। विद्युत नपुगेका वडा वा टोल बस्तीमा विद्युत पुऱ्याउन सम्वन्धित निकायहरुँग सहकार्य गरी लागत साझेदारीमा विद्युत विस्तारका आयोजनाहरु संचालन गरिनेछ ।

२। विद्युत विस्तार भएका तर भोल्टेज सुधार तथा लाइन स्तरीकरण गर्न अत्यावश्यक ठाउँको एकिन गरी सिमेन्टको पोल तथा ट्युवलर पोल परिवर्तन गर्न सम्वन्धित निकायसँग समन्वय गरी कार्य अगाडि वढाईनेछ ।

३। आवश्यकता, उपयोगिता र दिगोपनालाई अध्ययन गरी सम्वन्धित निकाय र संघ संस्थासँग समन्वय गरी बिजुली विस्तार नभएका ठाँउहरुमा वैकल्पिक उर्जा वा पेल्ट्रीक सेट, सौर्य उर्जा जस्ता कार्यक्रमहरुलाई अगाढि वढाईनेछ ।

४। भौगोलिक विकटतालाई हेरी मकवानपुरगढी गाउँपालिकामा फ्युज सेवा युनिट सहित थप कर्मचारी व्यवस्था गर्न विद्युत प्राधिकरण सँग समन्वय गरी कार्य अगाडि बढाईनेछ । अन्य निकायहरुबाट जनशक्ति उपलब्ध हुन नसक्ने अवस्थामा थप जनशक्तिको व्यवस्थापन गाउँपालिकाबाटै व्यवस्थापन गरी विद्युत सेवालाई प्रभावकारी बनाइनेछ ।

**ङ) सूचना तथा संचार :**

१. गाउँपालिकामा आधुनिक प्रविधियुक्त अनलाईन सूचना डेक्स निर्माण गरी सुचना प्रवाह थप व्यवस्थित गरिनेछ ।

२. गाउँपालिकाको सबै क्षेत्रमा नेपाल टेलिकमको सहजै प्राप्त गर्न सकिने प्रविधि विस्तार गर्ने व्यवस्था मिलाइनेछ । गाउँपालिका क्षेत्रबाट टेलिकमको लाइनमार्फत सेवा प्रवाह गर्न सम्बन्धित निकायसँग समन्वय गरी कार्य अगाडि बढाइनेछ ।

३. स्थानीय स्तरमा जनतालाई विभिन्न सुचना प्रदान गर्ने मनोरञ्जन संगै उपयोगी ज्ञान प्रदान गर्ने, सिपको प्रवाह, स्थानीय उत्पादन र व्यवसायलाई समेत सहयोग पुऱ्याउन मकवानपुरगढी एफ.एम रेडियो संचालनलाई जनमुखी बनाउने कार्यक्रम तथा रेडियो कार्यक्रमलाई प्रोत्साहन गरिनेछ साथै उक्त सञ्चार सूचना प्रचार प्रसारका लागि मकवानपुरगढी तथा अन्य एफ.एम वा अन्य संचार माध्याम मार्फत कार्यक्रम अगाडि बढाइनेछ ।
४. गाउँपालिकामा संचालित रेडियो र पत्रपत्रिका मार्फत भएका काम र आवश्यकताका सम्पूर्ण गतिविधिहरु प्रचारप्रसार गर्न समन्वय र सहयोग पुऱ्याइने छ ।
५. गाउँपालिका तथा वडा तहबाट सम्पादन हुने सार्वजनिक सेवा प्रवाहको सेवालाई नागरिक वडापत्र मार्फत सूचित गरिनेछ ।
६. गाउँपालिका भित्र भएका सवै क्षेत्रका गतिविधीहरु भुगोलबाट नै रिपोर्टीङ र प्रचार प्रसार गरी थप प्रभावकारी र उपलब्धीमुलक बनाउन संचार क्षेत्रमा कार्यरत संस्थाहरु, रेडियो, T.V तथा स्थानीय पत्रकारहरु संग समन्वय गरी कार्यक्रम संचालन गरिने छ ।
७. मकवानपुरगढी गाउँपालिकाका वडाहरुमा इन्टरनेट सेवालाई थप व्यवस्थित गरी सार्वजनिक सेवालाई प्रविधिमैत्री बनाई वडाबाट प्रवाह हुने सेवालाई प्रभावकारी बनाइनेछ ।
८. राजश्व संकलन तथा प्रतिवेदनलाई थप प्रभावकारी बनाउन राजश्व सुधार योजना तयार गरी राजश्व संकलनलाई सफ्टवयरको माध्यमबाट प्रविधिमैत्री बनाइनेछ ।
९. वडा कार्यालयमा सेवाग्राहीको पहुँच विस्तार गर्न सूचना प्रविधिमैत्री बनाइनेछ ।
१०. आगामी आर्थिक वर्षबाट वडा कार्यालय, स्वास्थ्य संस्था र विद्यालयहरुमा डिजिटल हाजिरीलाई अनिवार्य गरिनेछ । साथै स्वास्थ्य सेवाको प्रवाह तथा विद्यालको पठन पाठनलाई गाउँपालिकाको केन्द्रबाटनै अनुगमन गर्न सक्ने प्रविधिको विकासमा आवश्यक बजेटको व्यवस्थापन गरिनेछ ।
११. सम्भावित दुर्घटना हुने स्थानहरुमा र मुख्य बजार क्षेत्रमा सिसि क्यामराको व्यवस्थापन गर्दै लगिनेछ ।
१२. मोबाइलको नेटवर्क समस्या भएका ठाँउमा नेपाल टेलिकमको फोन सेवा संचालन गर्नको लागि पहल गरिनेछ ।
१३. गाउँपालिकाको विभिन्न गतिविधि, विकासका गतिविधि तथा कार्यक्रमहरुलाई प्रचार-प्रसार गर्न प्रेस सल्लाहकारको व्यवस्थापन गरिनेछ ।

## ४. वातावरण तथा विपत् व्यवस्थापन

### क) वन तथा वातावरण :

१। वातावरणमैत्री स्थानीय शासनका प्रारुप सुचकहरु सम्वन्धित निकायहरु, सामुदायिक वनहरुसँग सहकार्य गरेर कार्यान्वयन गर्दै गाउँलाई हरीत वातावरणयुक्त गाउँ बनाउन पहल गरिनेछ ।
२। सामुदायिक वनको भूमिकालाई प्रभावकारी बनाउँदै, कबुलियत वन, निजी वनको दर्ता र कार्यान्वयनलाई प्रभावकारी बनाईनेछ ।
३। वनजन्य उत्पादन, जडिबटी संरक्षण, संकलन र विविधिकरणका लागि सहकारी र वन उपभोक्ता समूह मार्फत प्रोत्साहनका कार्यक्रम अगाडि बढाइनेछ ।
४। आम्दानी कम भई वा वन उपभोक्ताको मर्म नबुझि कार्ययोजना नभएका वन समूहहरुलाई एक पटक सबैलाई नवीकरण गराई नियमित आम्दानीको आधार तयार गर्ने नीति लिइनेछ ।

५। वनजन्य उत्पादन विविधिकरण तथा कोसेलीजन्य चिजवस्तु उत्पादनमा समूह र सहकारीमार्फत कार्य अगाडि बढाइनेछ ।

६। सामरीपुल देखि सिमात सम्मको हेटौंडा उपमहानगरसँग जोडिएको विभिन्न सामुदायिक वन महत्वपूर्ण विभिन्न प्रजातीका चराचुरुङ्गी, जिवजन्तुको बासस्थान भएकोले उपमहानगरपालिका सम्बन्धित वन समूहसँग समन्वय गरी प्रवर्द्धन र संरक्षणका कार्यक्रम ल्याउन सुरुवात गरिनेछ ।

७। जैविक विविधताको संरक्षण विकासमा सहयोग पुग्ने हेतुले वनमा रहेका साना कुवा, पानीपोखरी निर्माण गरी जैविकमैत्री बातावरण वनाउन समितिमार्फत साझेदारीमा कार्य अगाडि बढाइनेछ ।

८। बस्ती विकास हुँदै गरेका क्षेत्र तथा पर्यटकीय क्षेत्रमा जम्मा हुने फोहरमैला व्यवस्थापन गर्न सम्बन्धित टोल विकास समिति तथा पर्यटकिय व्यवस्थापन समिति मार्फत कार्य अगाडि बढाइने छ ।

९। माथिल्लो जलाधार क्षेत्र, तल्लो तटिय क्षेत्रमा भू-संरक्षण तथा आय आर्जनका लागि निगालो, अम्रिसो र बाँस जस्ता प्रजातिका विरुवा खेती तथा विस्तार गर्न उत्प्रेरीत गरिनेछ ।

१०। जलाधार क्षेत्र तथा खानी उत्खनन् क्षेत्रमा सम्वन्धित निकाय संग समन्वय गरेर चेकड्याम निर्माण गरिनेछ ।

११। बाढी, पहिरो जन्य विपदबाट बच्न र बचाउन त्यस क्षेत्रमा कार्य गर्ने, सम्वन्धित निकाय र सामाजिक संघ संस्थासंग सहकार्य गरेर त्यसको सूचकहरुलाई प्रभावकारी रुपमा कार्यान्वयनको लागि अगाडि बढाईनेछ ।

१२। चट्याङ्गबाट हुने क्षतिबाट कम गराउनको लागि आगामी आर्थिक वर्षबाट उपयुक्त प्रविधि जडानको लागि गाउँपालिका, समुदाय र संघीय तथा प्रदेश सरकारको साझेदारीमा कार्यक्रम संचालन गर्ने नीति अवलम्वन गरिनेछ ।

१३। आकस्मिक रुपमा हुने आगलागी तथा विपत पिडितहरुको राहतको लागि साथै तत्कालिन राहतका लागि तथ्यगत रुपमा अनुगमन गरी रु. १०,०००।- नगद र प्राविधिक इस्टिमेट एवम् मुल्यांकनका आधारमा वढीमा ४ वन्डल सम्म जस्तापाता सहयोग उपलब्ध गराउने नीतिलाई आगामी वर्षमा समेत निरन्तरता दिइनेछ । यस्ता राहत लागत अनुमान तयार गरी घर निर्माण पश्चात उपलब्ध गराइनेछ ।

१४। बाढी पहिरो तथा चट्याङबाट मृतक परिवारलाई चालु आ.व.मा संचालित कार्यक्रम अन्तरगत विपत व्यवस्थापन कोषबाट वढीमा रु.२५ हजार सम्म राहत उपलब्ध गराउने निति लिइनेछ ।

१५। भुकम्प पुर्ननिर्माणको कामलाई पुर्ननिर्माण प्राधिकारण तथा अन्य सम्वन्धित निकाय संग समन्वय गरी प्रभावकारी रुपमा कार्य अगाडि वढाईने छ । तत् सम्बन्धी प्राप्त गुनासोलाई यथार्थ छानविन गरी नियम अनुसार कार्यान्वयनमा ल्याउन पहल गरिने छ ।

१६। प्रत्येक वर्ष प्रत्येक घरले ५ वटा बोटविरुवा वृक्षारोपण गर्ने र ती विरुवाहरु हुर्काउने योजना तर्जूमा गरिनेछ ।

## ख) बस्ती संरक्षण तथा विपद व्यवस्थापन :

१। मकवानपुरगढी गाउँपालिका खानी, खनिजको भण्डार हो । खानी उत्खनन् गर्दा माथिल्लो खानी क्षेत्र र तल्लो तटिय क्षेत्र पूर्ण प्रभावित छ । यस क्षेत्र कच्चा भू बनोट भएको पनि क्षेत्र भएकोले प्रभावित क्षेत्रको तयार भएको विस्तृत परियोजना प्रतिवेदन D.P.R. मा विशेष गरी उद्योग, संघीय सरकार प्रदेश सरकारसँग समन्वय र बजेट व्यवस्था गरी दिगो संरक्षणको अवधारणाबाट कार्य अगाडि बढाइनेछ ।

२। माथिल्लो क्षेत्रमा जलाधार संरक्षण तथा वृक्षारोपणका अभियानहरु संचालन गरी बस्ती क्षेत्रमा हुने नोक्सानीलाई कम गर्दै लैजाने नीति लिइनेछ ।

३। उद्योगहरुसँग सहकार्य र समन्वय गरी समयमै संरक्षणका काम गर्ने गराउने वातावरण बनाइनेछ । सम्भावना रहेसम्म कम्तिमा ७० मिटरको चौडा हुने गरी दुई किनारमा सामरी कोरीडोर बाटोको दिगो संरचना निर्माण गर्ने नीति लिइने छ ।

४। दिगो बस्ति संरक्षण कम लागतमा संरक्षणका काम गर्ने गराउने उदेश्यले सामरी तथा सहायक खोला किनार कोरीडोरमा बहुउपयोगी बाँस लगाउने अभियान यस बर्षबाट गरिनेछ ।

**ग) भू-उपयोग तथा संरक्षण :**

१। गाउँपालिकाभित्र रहेका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको तथ्यांक संकलन कार्य सम्पन्न भईसकेको सन्दर्भमा सम्बन्धित निकायहरुसँग समन्वय गरी जग्गाको नापी तथा लालपूर्जा बितरण कार्यमा विशेष पहल गरिनेछ ।

२। मकवानपुरगढी गाउँपालिकामा जग्गा बाँझो राखी अन्यत्र बसोबास गरिरहेकाहरुका लागि **“गाउँ फर्कौ, जमिन जोतौं, उत्पादन बढाऔं”** कार्यक्रम लागु गरिनेछ । त्यसरी अन्यत्रबाट गाउँ फर्की तरकारी खेती, गाई पालन, बाख्रा पालन र अन्न उत्पादन गर्नेहरुका लागि प्रोत्साहन गरिनेछ ।

३। **“कसैले पनि जग्गा नराखौ खाली, सवैतिर बनाउँ हरियाली”** भन्ने नाराका साथ बाँझो जमिनको यथार्थ तथ्यांक संकलन गरी बाँझो जग्गा उपयोगमा ल्याउने नीति अबलम्बन गरिनेछ ।

४। बाँझो जमिनको उपयोग सम्वन्धी कार्यविधि अनुसार कृषिजन्य तथा पशुपालनको लागि उपयोगमा ल्याउने, कृषि र पशुपालनको सम्भावना कम भएका जग्गाहरुमा जडीवुटी, वनस्पतिजन्य एवम् काष्ठजन्य उत्पादनका लागि प्रोत्साहन गरिनेछ ।

५। भू-उपयोग योजनाको प्रभावकारी कार्यान्वयन गरी उत्पादनशील तथा कृषि योग्य भूमिहरुमा जग्गा प्लटिङ तथा कुनै पनि उत्खनन्जन्य उद्योग तथा व्यक्तिगत उत्खनन्मा कडाईका साथ रोक लगाउने नीति अवलम्वन गरिनेछ ।

६। सामुदायिक प्रयोजन भन्दा वाहेक सार्वजनिक जग्गा प्रयोग वा अतिक्रमण गर्न नपाईने नीति कडाईका साथ लागु गरीनेछ ।

## ५. संस्थागत विकास, सेवा प्रवाह र सुशासन

**क) सामान्य सेवा :**

१। विकास निर्माणको कार्यका साथ साथै जनतालाई घरदैलोमा सार्वजनिक सेवा प्रवाहको लागि सबै वडा कार्यालयहरुको भौतिक पुर्वाधार विकासमा जोड दिइनेछ ।

२। सार्वजनिक सेवा प्रवाहलाई चुस्त दुरुस्त भरपर्दो तथा कम खर्चिलो वनाउनको लागि सवै वडाहरुमाा कागज रहित सेवा प्रवाह गर्न आवश्यक पुर्वाधारहरुको विकास गरिनेछ ।

३। सार्वजनिक सेवालाई छिटो छरितो, मितव्ययी, पारदर्शी र सूचना प्रविधिमैत्री बनाउनको लागि आवश्यक पुर्वाधार सहित पदाधिकारी तथा कर्मचारीको क्षमता विकासको लागि आवश्यक तालिम कार्यक्रम संचालन गरिनेछ ।

४। सूचनाको हक प्रवर्द्धन गर्न आवश्यक कार्यक्रम संचालन र सूचना अधिकारीको क्षमता विकासको कार्यक्रम संचालन गरिनेछ ।

५। गाउँपालिकाबाट भएका नीतिगत निर्णय तथा आधिकारिक धारणाहरुलाई तोकिएको व्यक्ति वा अधिकारी मार्फत सार्वजनिक गर्ने कार्यलाई प्राथमिकताका साथ सूरु गरिनेछ ।

६। स्थानीय सरकार संचालन ऐन, २०७४ ले स्थानीय तहलाई प्रदान गरेको न्यायिक अधिकारलाई समुचित प्रयोग गर्न न्यायिक इजलासलाई थप व्यवस्थापन गरिनेछ । न्यायिक सेवामा सर्वसाधरणको पहुँच वृद्धिको कार्यक्रम संचालन गरिनेछ । स्थानीय स्तरबाट हुने न्यायिक सम्पादनको कामलाई, छिटो छरितो र भरपर्दो बनाउन आवश्यक पहल गरिनेछ ।

७। **"मेलमिलापबाट बिबादको समाधान, न्यायिक समितिको मुख्य अभियान"** भन्ने नाराका साथ न्याय प्रणालीको प्रस्थान बिन्दु, न्ययिक समितिलाई स्वतन्त्र, सक्षम, निस्पक्ष, पहुँचयोग्य र विश्वसनीय बनाई मानव अधिकार र मौलिक हकको संरक्षण र संवर्द्धन गर्दै न्यायिक समिति मार्फत छिटोछरितो, सर्वसुलव, मितव्ययी, कम खर्चिलो, प्रभावकारी र उत्तरदायी न्याय व्यवस्था कायम गरी मेलमिलापकर्ता र कर्मचारीको व्यवस्था गरी बिवादको प्राथमिकताको आधारमा समाधान गरिनेछ ।

८। गाउँपालिकाका सबै वडाहरुमा मेलमिलाप समिति गठन गरी टोल विकास समुहलाई प्रभावकारी बनाईनेछ । टोलको बिबाद टोलमै मिलाउने गरी मेलमिलापकर्ताहरुको लागि क्षमता अभिवृद्धिका कार्यक्रमहरु संचालन गरिनेछ ।

९। **कानूनको अनविज्ञता क्षम्य हुदैन** भन्ने फौजदारी न्यायको सिद्धान्तलाई आत्मसाथ गर्दै कानूनी सचेतना तथा अभिमूखीकरण कार्यक्रमहरु संचालन गरिनेछ ।

१०। कार्यसम्पादन मुल्याकंनमा उत्कृष्ट कार्य गर्ने मध्यका कर्मचारी र जनप्रतिनिधिलाई प्रोत्साहन र मुल्याकंन गर्ने व्यवस्था गरिने छ ।

११। कानुनी विषयहरुका सम्बन्धमा आवश्यक परामर्श तथा सल्लाह लिनका लागि गाउँपालिकामा एक जना कानुनी सल्लाहकारको व्यवस्था गरिनेछ ।

**ख) सूचना प्रविधि**

१। गाउँपालिकाका सबैखाले सूचनाहरुलाई आमजनता सामु सहज तरिका मार्फत पुऱ्याउन वेभसाईट, फेसबुक पेज लगायतका अनलाईन पोर्टलहरुलाई अध्यावधिक गरिनेछ । साथै समुदाय स्तरमा सूचना प्रविधि सम्बन्धी साक्षरताका अभियान संचालन गरिनेछ ।

२। GIS प्रणालीमा आधारित गाउँपालिकाको डिजिटल प्रोफाईल निर्माण कार्यक्रमलाई अगाडि बढाईनेछ । सो का लागि प्रदेश तथा संघीय सरकारसँग समेत बजेट सहकार्यका लागि अनुरोध गरिनेछ ।

३। गाउँपालिका कार्यलयमा सेवाग्राहीहरुलाई लक्षित गरी डिजिटल नागरिक कक्षको सुरुवात गरिनेछ ।

४। वडा तथा पालिका तहमा हुने सिफरिस तथा कागजपत्रको अभिलेखीकरण व्यवस्थापनका लागि सिफारिस प्रणाली, योजना व्यवस्थापन सफ्टवेयर तथा एकिकृत सेवा सफ्टवयरको प्रयोगको थालनी गरिनेछ ।

५। पर्यटकीय क्षेत्रमा डिजिटल डस्टविन, गाउँपालिका अन्तर्गतका कार्यालयहरुमा अनलाईन हाजिरी प्रणालीको थालनी गरिने छ साथै डिजिटल सूचना पाटीलाई थप व्यवस्थित गरिनछ ।

६। गाउँपालिकाको सभाहललाई व्यवस्थित गरी डिजिटल प्रविधिमैत्री सभाहल निर्माण गरिनेछ ।

७। नदीजन्य पदार्थ निकासीका लागि डिजिटल रसिद काट्ने व्यवस्था मिलाइनेछ ।

**ग) पञ्जिकरण व्यवस्थापन**

१। अनलाइन घटना दर्ता प्रणालीलाई थप व्यवस्थित र प्रभावकारी बनाई वार्षिक रुपमा पालिकाको जनसाङ्ख्यिक विवरण तयार गरिनेछ ।

२। घटना दर्ताका पुराना अभिलेखहरुको सुरक्षा र खोज्ने वित्तिकै तुरुन्त भेट्याउनको लागि पुराना अभिलेख लाई सफ्टवेयर मार्फत व्यवस्थापन गरिनेछ ।

३। गाउँपालिकाबाट बितरण हुने सामाजिक सुरक्षा भत्तालाई आ.व. २०७९/८० देखि बैंकिङ प्रणाली मार्फत वितरण गरिने छ। सो को लागि लाभग्राहीहरुलाई सचेतना कार्यक्रम संचालन गरिनेछ।

४। निर्धारित समयमै घटना दर्ताका लागि प्रोत्साहनका कार्यक्रमहरु संचालन गरिनेछ ।

**घ) सुशासन प्रवर्द्धन**

१। सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण तथा योजनाहरुको सार्वजनिक परिक्षण गर्ने कार्यलाई व्यवस्थित गरिनुका साथै जहाँ योजना त्यहाँ सामाजिक परिक्षण नीतिलाई कडाईका साथ लागु गरी योजनामा जनताको अपनत्व वोध गराउन पहल गरिनेछ ।

२। आन्तरिक आय वृद्धिका लागि सम्भाव्य सवै राजस्वको क्षेत्रहरुको पहिचान गरी राजस्वका दर भन्दा दायरा वृद्धिलाई गर्ने कार्यलाई प्राथमिकतामा राखिनेछ। साथै राजस्व संकलनलाई अनिवार्य र थप प्रभावकारी बनाइनेछ।

३। क्षमता विकास, सिप विकास तथा जनचेतनामूलक तालिम कार्यक्रमहरु संचालनको लागि लक्षित समूह, स्थानीय सामुदायिक संस्था, आमा समूह, सामुदायिक दर्ता भएका संस्थाहरु, सहकारी संस्थाहरु र स्थानीय अन्य सामाजिक संघ संस्था मार्फत संचालन गर्न प्राथमिकता दिइनेछ। यसरी कार्यक्रम संचालन गर्नु अघि उक्त संस्थाहरु अनिवार्य रुपमा गाउँपालिकामा सुचिकृत गर्नु पर्ने प्रावधानलाई कडाईका साथ लागू गरिनेछ।

४। हरेक वडामा गठित टोल विकास समुहहरुको क्षमता अभिबृद्धिका कार्यक्रमहरुलाई प्राथमिकता दिंदै उनीहरुको प्रभावकारी परिचालनमा जोड दिइनेछ । आयोजनाको दिगोपना तथा सुशासन प्रवर्द्धनमा टोल विकासको भुमिकालाई प्रभावकारी बनाइनेछ ।

५। सामाजिक सुशासनमा समुदाय प्रहरी साझेदारी कार्यक्रमलाई प्रभावकारी बनाइनेछ ।

६। समाजमा सुशासन कायम गर्ने ध्ययले तयार गरी कार्यान्वयनमा ल्याईएको सामाजिक सुधार ऐनलाई सबै पक्षसँग समन्वय गरी कार्यान्वयनमा ल्याइने छ ।

७। गाउँपालिकाभित्र रहेका औपचारीक तथा अनौपचारीक क्षेत्रका मजदूरहरुको समस्याहरुलाई सूचिकृत र व्यवस्थित गर्न गाउँपालिकाले स्थानीय श्रम ऐन निर्माण गरिसकिएकोले सो ऐनको व्यवस्थित कार्यान्वयन गरिनेछ ।

८। मजदुरी गर्न बाहिर जान नसक्ने मजदुरहरु एवम् प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत बेरोजगार सूचीमा रहेका रोजगार खोजीकर्ताहरुलाई गाउँमा हुने विकास निर्माणका कार्यहरुमा प्राथमिकता दिई सहभागी गराइनेछ । योजना कार्यान्वयन गर्दा श्रम र श्रमिक मैत्री वातावरण तयार गरी कार्यान्वयन गरिने छ । योजनामा मजदुर छनौट गर्दा स्थानीय एवम् बेरोजगार सूचीमा आवद्ध रहेकाहरुलाई प्राथमिकतामा राख्ने व्यवस्था मिलाइने छ ।

**६. विविध क्षेत्र**

१। स्थानीय बालीमा भएको जनावर (बाँदर) आतंक नियन्त्रण गर्न बैकल्पीक बालीहरुको विकास तथा नियन्त्रणको लागि आवश्यक बजेटको व्यवस्थापन गरी नियन्त्रणको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

२। गाउँपालिकाबाट संचालित तथा माथिल्ला निकायहरुबाट संचालन भएका योजना, दातृ संघ संस्थाबाट भएका कामको संयन्त्र बनाई प्रभावकारी अनुगमन गरिने छ ।

३। गाउँपालिकामा कुनै पनि गैर सरकारी संघ संस्था तथा दातृ निकायहरुले कार्यक्रम संचालन गर्दा, गाउँलिकाको पुर्व स्वीकृति अनिवार्य लिनुपर्ने नीतिलाई काडाईका साथ लागु गरिनेछ ।

४। गाउँपालिकामा उद्योगहरुबाट खानी उत्खनन् भएको छ, क्रसर उद्योगहरु संचालित छन्, यी अवसरहरुलाई हामीले सकारात्मक रुपमा लिनुपर्ने हुन्छ । उद्योगहरु संचालन हुँदा उनीहरुले वातावरण प्रभाव मूल्याङ्कन (I.E.E.) लगायत सवै उत्खनन् विधीहरु अलवम्वन गर्नुपर्दछ । यी सबै विधि र प्रक्रिया पुरा नहुँदा संविधान मौलिकहकले सुनिश्चित गरेको, स्वच्छ वातावरणको हक, खाद्य सम्वन्धि हक, आवासको हक सम्बन्धी व्यवस्था आकर्षित भएको देखिन्छ । यसको व्यवस्थापनका लागि सम्वन्धित उद्योगहरुसँग क्षतिपूर्ति तथा सहायता लिई प्रभावित क्षेत्र र प्रभावित जनताको हकहित र संरक्षणमा उपभोग गर्ने एवम् प्रभावलाई न्युनीकरण गर्ने नीति लिईने छ ।

५। राजनीतिक आन्दोलनमा सहभागी भई योगदान पुऱ्याएका द्वन्द्व पिडित परिवारहरुको स्वास्थ्य शिक्षा र जीविकोपार्जनमा सहयोग गरी सहजता बनाउने व्यवस्था मिलाइनेछ ।

६। राष्ट्रिय पुन:निर्माण प्राधिकरणको मातहतमा निजि आवास पुन:निर्माणका कामहरु भईरहेको सन्दर्भमा २०७९ असारसम्म आशिंक तथा पूर्ण क्षेतीको सम्पूर्ण कार्य सम्पन्न गरी भुक्तानी भई सक्नुपर्ने विषयको अवस्था जानकारी प्राप्त गर्न बाँकी नै भएकोले यस विशेष परिस्थितीमा पूर्ण क्षती हुँदा पनि पर्न नसकेका वा विशेष कारणले घरलाई पूर्णता दिन नसकेका लाभग्राही वा पिडितलाई गाउँपालिकाले विभिन्न संघ संस्थासँग समन्वय तथा सहकार्य गरी घर बनाउन उत्प्रेरित गर्ने नीति लिइनेछ ।

७। **"विपन्न परिवारसँग गाउँपालिका अध्यक्ष कार्यक्रम"** मार्फत गाउँपालिकाभित्र रहेका विपन्न परिवारको खास-खास समस्याहरुको सम्बोधनका लागि सहजीकरण गर्ने नीति लिईनेछ ।

**आदरणीय सभाध्यक्ष महोदय तथा उपस्थित सभाका सदस्यज्यूहरु,**

अब म उपरोक्त नीति तथा कार्यक्रम कार्यान्वयनको लागि आगामी आर्थिक वर्ष २०७९।०८० को लागि प्रस्तावित आय तथा व्ययको अनुमानित विवरण पेश गर्ने अनुमती चाहन्छु ।

**आयतर्फ**

संघीय सरकार वित्तिय समानिकरण अनुदान ११ करोड १९ लाख, प्रदेश सरकार वित्तिय समानिकरण अनुदान १ करोड १ लाख २३ हजार गरी जम्मा वितिय समानिकरण अनुदान १२ करोड २० लाख २३ हजार प्राप्त भएको छ ।

त्यसैगरी संघीय सरकार राजस्व बाँडफाँड मूल्य अभिवृद्धि कर ४ करोड ७० लाख ५० हजार ५ सय, बाँडफाँड भई प्राप्त हुने अन्तशुल्क राजश्व ४ करोड ७० लाख ५० हजार ५ सय, खानी तथा खनिज सम्बन्धी रोयल्टी बाँडफाँडबाट १ करोड ९८ लाख, घरजग्गा रजिष्ट्रेशन दस्तुर वापत ५० लाख, बाँडफाँडबाट प्राप्त हुने सवारीसाधन कर १ करोड ९५ लाख, बाँडफाँड भई प्राप्त हुने बन रोयल्टी २५ लाख, बाँडफाँड भई प्राप्त हुने जलश्रोत रोयल्टी १ लाख, ढुंगा, गिटि, बालुवा नदिजन्य पदार्थ (दहत्तर

बहत्तर) राजस्व बाँडफाँडबाट प्राप्त हुने आय रु. ६ करोड सहित जम्मा राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम रु. २० करोड १० लाख १ हजार अनुमान गरिएको छ ।

त्यसैगरी आन्तरिक आय अन्तर्गत भूमि कर/मालपोत, सम्पत्ती कर, घर बहाल कर, मनोरञ्जन कर, अन्य विक्रीबाट प्राप्त रकम, अन्य श्रोतबाट प्राप्त रोयल्टी, परीक्षा शुल्क, नक्सा पास दस्तुर, सिफारिस दस्तुर, नाता प्रमाणित दस्तुर, प्रशासनीक दण्ड जरिवाना, प्रदूषण शुल्क लगायतका शिर्षकहरुबाट रु. २ करोड ४ लाख ६० हजार रकम संकलन हुने अनुमान गरिएको छ ।

संघीय सरकार शशर्त अनुदान (शिक्षा, स्वास्थ्य, कृषि, पशु, उर्जा, प्रधानमन्त्री रोजगार कार्यक्रम, लघुउद्यम कार्यक्रम, राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण कार्यक्रम सहित) रु. २२ करोड ७० लाख, प्रदेश सरकार सशर्त चालु अनुदान रु २ करोड १४ लाख ३८ हजार अनुमान गरिएको छ । जस अन्तर्गत कुल सशर्त अनुदान रु. २४ करोड ८४ लाख ३८ हजार अनुमान गरिएको छ ।
त्यसैगरी संघीय सरकार समपुरक अनुदान २ करोड २० लाख, प्रदेश सरकार समपुरक अनुदान ३ करोड गरी जम्मा समपुरक अनुदान रु. ५ करोड २० लाख हुने अनुमान गरिएको छ ।

संघीय विशेष अनुदान रु. १ करोड ७० लाख र प्रदेश विशेष अनुदान रकम रु. १ करोड ३५ लाख गरी जम्मा विशेष अनुदान रकम रु. ३ करोड ५ लाख रकम प्राप्त हुने अनुमान छ ।

यसप्रकार यस गाउँपालिकाको आर्थिक वर्ष २०७९।०८० को लागि जम्मा आयतर्फ ***६७ करोड ४४ लाख २२ हजार हुने*** अनुमानित आय पेश गरेको छु ।

**व्ययतर्फ**

कुल बजेटको पुँजिगततर्फ ३२ करोड ७६ लाख ७ हजार अर्थात (४८ दशमलव ५८ प्रतिशत) र चालु तर्फ ३४ करोड ६८ लाख १५ हजार अर्थात (५१ दशमलव ४२ प्रतिशत) गरी कुल व्यय रु. ६७ करोड ४४ लाख २२ हजारको व्यय अनुमान पेश गरेको छु ।

**श्रद्धेय सभाध्यक्ष महोदय,**

अब म आर्थिक वर्ष २०७९/०८० का लागि अनुमान गरिएको व्यय अनुमानबाट नीति कार्यक्रम बमोजिम व्यय हुने विषय क्षेत्रगत विनियोजित गरेको व्यय अनुमान शाराशंमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।
कूल व्यय अनुमान मध्ये आगामी आर्थिक वर्षका लागि कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च अन्तरगत रु. ६ करोड रकम विनियोजन गरेको छु, जुन कूल व्यय अनुमानको ८ दशमलव ९ प्रतिशत हुन आउँछ ।

विषय क्षेत्रगत व्यय अनुमान देहाय बमोजिम विनियोजन गरेको छु ।

- आर्थिक विकास क्षेत्र अर्न्तगत कूल व्यय अनुमानको रु. ५ करोड ३८ लाख विनियोजन गरेको छु जुन कूल व्यय अनुमानको ७ दशमलव ९८ प्रतिशत हुन आउँछ ।
- पूर्वाधार विकास क्षेत्रमा कूल व्यय अनुमानको रु. २५ करोड २० लाख १८ हजार विनियोजन गरेको छु । जुन कूल व्यय अनुमानको ३७ दशमलव ३६ प्रतिशत हुन आउँछ ।

- संस्थागत विकास, सेवा प्रवाह र सुशासन क्षेत्र अर्न्तगत रु. ९४ लाख ५६ हजार रकम विनियोजन गरेको छु जुन कूल व्यय अनुमानको १ दशमलव ४० प्रतिशत हुन आउँछ ।
- अर्कोतर्फ विषय क्षेत्रगत व्यय अन्तर्गत सामाजिक विकास क्षेत्रमा कुल व्यय अनुमानको ४३ दशमलव १ प्रतिशत अर्थात रु २९ करोड ६ लाख ४८ हजार रकम विनियोजन गरेको छु ।
- यसैगरी बन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र अन्तर्गत १ दशमलव २६ प्रतिशत अर्थात रु. ८५ लाख रकम विनियोजन गरिएको छ ।

**आदरणीय सभाध्यक्षज्यू तथा सभाका सदस्यज्यूहरु,**

प्रस्ताव भएको अनुमानित आय अनुसार विषयगत खर्च शिर्षकमा विनियोजन भएको बजेटलाई कार्यक्रमगत, आयोजनागत तथा वडागत रुपमा बाँडफाँड गरी यसपछिको सभाले क्रमशः दफावार छलफलपछि मात्र स्वीकृत गरिने व्यहोरा यस सम्मानित सभा समक्ष निवेदन गर्दछु ।

**आदरणीय सभाध्यक्ष ज्यू,**

विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९को मारबाट विस्तारै उठ्दै गरेको जनजिवीका, बढ्दो महंगी अनि गरिवीबाट आक्रान्त समुदायको जिवनस्तर सुधार गर्नेतर्फ हामी विशेष चिन्तित छौं । चालु आ.व. २०७८/७९ मा गाउँपालिकाले प्रक्षेपण गरेको अपेक्षाकृत आन्तरिक आम्दानी प्राप्त नहुँदा हाम्रा सामु आएको दायित्व, जनताहरुका असिमित आवश्यकताहरु अनि सिमित बजेट सिमाको बिचमा रहेर पनि यथासम्भव गुणस्तरिय र जनउत्तरदायी काम गर्ने अठोटमा हामी रहेका छौं । जसका लागि आन्तरिक स्रोतको व्यवस्थापनलाई थप मजबुत बनाउँदै प्रदेश सरकार, संघीय सरकार र अन्य सरोकारवाला निकायहरु सँग समेत योजना तथा स्रोत व्यवस्थापनका लागि निरन्तर पहल गरिनेछ ।

प्रस्तुत बजेट कार्यान्वयनले यस स्थानीयतहको सवै वडाहरुको उच्च प्राथमिकतामा रहेका कार्यक्रमहरु तथा योजनाहरुको सम्बोधन हुने, स्थानीय तहको विकासको आधारशिला खडा हुने, योजना तथा कार्यक्रमहरुको परियोजना बैंक निर्माण हुने, सवै वडाहरुमा स्थानीय सरकारको उपस्थिति अनुभूत हुने एवम् गाउँपालिकावासीको आर्थिक सामाजिक रुपमान्तरणमा वढोत्तरी हुने अपेक्षा गरेको छु । साथै यस बजेटले लोककल्याणकारी राज्य व्यवस्थालाई प्रवर्द्धन गर्न, संघीय तथा प्रदेश सरकारले लिएको आर्थिक वृद्धि तथा समृद्धिको लक्ष्य प्राप्त गर्न थप टेवा पुग्ने विश्वास लिएको छु ।

अन्त्यमा, यो बजेट तर्जुमाका सिलसिलामा मार्गदर्शन गर्नुहुने कार्यपालिका सदस्यज्यूहरु, वडा सदस्यज्यूहरु, गाउँपालिकाका राष्ट्रसेवक कर्मचारीहरु, विभिन्न राजनैतिक दल, निजी क्षेत्र, नागरिक समाज, पत्रकार जगत लगायत यस गाउँपालिकाको समृद्धिको लागि चासो र सरोकार राख्ने सवैप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दै यो बजेटले निर्दिष्ट गरेका नीति, योजना र कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनमा सवै पक्षको पूर्ण सहयोग रहने अपेक्षा गरेको छु ।

## धन्यवाद ।